जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक ८, २०७७ साल असोज १६ गते शुक्रबार, नेपाल संवत् ११४० (Oct. 2, 2020) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## नेताहरू महाराष्ट्रघाती बन्दै

काठमाडौं । नेपालका महाराष्ट्रघातीहरू क्षणिक राष्ट्रवादी बनेको आवरणको नाटक देखाइ पुन: देशद्रोही क्रियाकलापहरू देखाउँदै छन् । नेपालको भूमि फिर्ता गर्ने अभियानमा पश्चिम नेपालको लिम्पियाधुरा कालापानीसहितको नयाँ नक्सालाई विवादित र राष्ट्रघाती सिद्ध गर्ने अभ्यास हुँदैछ भन्ने टिकाटिप्पणी सुरु भएको छ ।

नेपालको संविधानमा नयाँ नक्सा र सोसम्बन्धी नीति निर्णयहरू गरेकोमा आफूलाई देशभक्त स्वाभिमानी स्वाधीनताका पहरेदार भन्नेहरू फेरि पनि राष्ट्रघाती नीति र चरित्रतर्फ बाँकी ८ पेजमा

## तातोपानी नाका खुल्ने तयारीमा

काठमाडौं । पहिरोका कारण बन्द भएको नेपाल-चीनबीचको तातोपानी नाका असोज १९गतेबाट खुल्ने भएको छ । दुवै देशका अधिकारीहरूबीच मितेरी पुलमा मंगलबार बैठक बसेको थियो । बैठकले असोज १९ गतेबाट नाका खोल्ने सहमति भएको सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालका बताए ।

नाका खुलाउने विषयमा छलफल गर्नका लागि चीनका तर्फबाट ल्हासाका बाँकी ८ पेजमा

# देश कोरोना कहरमा, नेताहरू मन्त्री बन्ने रहरमा

काठमाडौं । मुलुक यसबेला अत्यन्त असहज र जटिल अवस्थामा गुज्रिरहेको छ । विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ भाइरस संक्रमणबाट नेपाल अछुतो रहन सकेन । अहिले कोभिड संक्रमणको ग्राफ अत्यासलाग्दो रुपमा उकालो लागिरहेको छ ।





काठमाडौंमा २ जना संक्रमित देखिएपछि सरकारले चैत ११ देखि असार मसान्तसम्म देशमा लकडाउन गऱ्यो । तर संक्रमणको विस्तार दर झन् झन् बढ्न थाल्यो । लकडाउनले जनजीवन अस्तव्यस्त बन्यो । जनता भोकभोकै मर्ने स्थिति उत्पन्न भयो । यस अवधिमा झन्डै २५ सय नागरिकले आत्महत्याको बाटो रोजे । कष्टकर बनेको जनताको दैनिकी र टाट पल्टिन थालेको अर्थतन्त्रलाई मध्यनजर गर्दै सरकारले लकडाउन हटायो । साउन महिनामा फेरि कोरोना संक्रमणको रफ्तार बढेपछि तीन साता निषेधाज्ञा जारी गरियो । निषेधाज्ञाका बाबजुद पनि संक्रमण विस्तारमा कमी आएन । नजिकिँदै गरेका चाडहरू दशैं तिहार छठलाई ध्यान दिँदै फेरि निषेधाज्ञा थप गरिएन । छोटो दूरी र लामो दूरीका सार्वजनिक सवारी साधन, आन्तरिक र अन्तर्राष्ट्रिय हवाई उडान सुरु गरिए । बजार खुला भयो । होटल रेस्टुराँ खुले । मानिसहरूको बाक्लो भीड हुने सरकारी कार्यालयहरू मालपोत, नापी, यातायात व्यवस्था विभागले सेवा सुचारु गरे । तर स्वास्थ्य सुरक्षा र सतर्कता नअपनाइएका कारण काठमाडौं उपत्यका कोरोनाको 'हटस्पट' बन्न पुग्यो ।

सरकारले पिसिआर परीक्षणलाई जनस्तरमा पुऱ्याउन नसक्दा कोरोनाले महामारीको रुप लिइरहेको छ । तर जनताले स्वास्थ्य सतर्कता नअपनाएर महामारी बढेको आरोप सरकार लगाइरहेको छ । २५ हजार बढी सक्रिय संक्रमितको संख्या नाघे फेरि लकडाउनको विकल्प नभएको स्वास्थ्य मन्त्रालयले बताएर नागरिकलाई भयभित बनाइरहेको छ । पिसिआर परीक्षणलाई टोलटोलमा विस्तार गरेर संक्रमित पत्ता लगाई उनीहरूलाई क्वारेन्टाइनमा राखेर उपचार गर्न सरकार चुकिरहेको छ ।

टेकुमा पिसिआर गराउन जाने अव्यवस्थित भीडले नै सरकारको कमजोरीलाई प्रस्ट पार्छ । सरकारले निजी अस्पतालहरूलाई २ हजार रुपैयाँमा पिसिआर परीक्षण गराउन निर्देशन दिए पनि त्यसको पालना भएको छैन । निजी अस्पताल र क्लिनिकहरूले ४ हजारदेखि ४५ सय रुपैयाँ पिसिआर परीक्षण शुल्क असुलिरहेको छ । तर स्वास्थ्य मन्त्रालय मूकदर्शक भएर बसेको छ । फेरि लकडाउनका लागि सिफारिस गर्ने तयारीमा छ स्वास्थ्य मन्त्रालय । कोभिडविरुद्ध परीक्षण गरिरहेको खोप 'स्पुतनिक फाइभ' खोप ल्याउन समेत सरकारले निजी कम्पनी ट्रिनिटी फर्मास्युटिकल्सलाई दिएको समाचार बाहिर आएको छ ।

महामारीविरुद्धको खोप राज्यको दायित्व हो । खोप ल्याउने र नि:शुल्क वितरण गर्ने आधारभूत जिम्मेवारीबाट सरकार पछि हटेको छ । रसिया डाइरेक्ट इन्भेस्टमेन्ट फन्ड (आरडीआइएफ) सरकारी कोषले सप्लाई गर्ने २ करोड ५० लाख डोज भ्याक्सिन निजी कम्पनी ट्रिनिटीले किनेर ल्याउन लागेको छ । दादुरा, पोलियो लगायतका खोप नि:शुल्क रुपमा सरकारले दिँदै आएको छ तर कोभिडको खोप भने नागरिकले किन्नुपर्ने भएको छ । फेरि उक्त स्पुतनिक फाइब भ्याक्सिन अन्तिम परीक्षणमा छ, प्रमाणित हुन बाँकी नै छ ।

सक्षम सरकार भएका देशहरूले कोभिड १९ को महामारीलाई नियन्त्रणमा ल्याएका छन् । एक अर्ब ४० करोड जनसंख्या भएको चीनले महामारीलाई नियन्त्रणमा ल्यायो । अर्को छिमेकी मुलुक भारतको राजधानी नयाँ दिल्लीलाई कोरोना हटस्पटबाट मुक्त गराइएको छ ।

सिंगापुर, भियतनाम, कम्बोडिया, लाओस, थाइल्यान्ड, दक्षिण कोरिया लगायतका एसियाली देशहरूले कोभिड १९ को विस्तारलाई रोक्न सफलता पाएका छन् । तर ती देशका सरकारले कोरोना नियन्त्रणका लागि अपनाएको शैलीलाई नेपाल सरकारले अनुशरण गर्न सकेन । लकडाउन र बाँकी ८ पेजमा


## फेरि लकडाउनको संकेत

काठमाडौं । पछिल्लो समयमा नेपालमा कोरोना संक्रमणको रफ्तार अशोचनीय रुपमा बढेको छ । खासगरी काठमाडौं उपत्यका कोरोनाको केन्द्र बनिरहेको छ । जति पिसिआर परीक्षणको दायरा बढाइएको छ, संक्रमितको संख्या उति नै बढी देखिएको छ ।

नेपालले संक्रमण दरमा छिमेकी मुलुक भारतलाई समेत पछि पारेको छ । विश्वमा सबभन्दा बढी संक्रमित दर भएको मुलुक अमेरिका हो र दोस्रो भारत । भारत ७० लाख संक्रमितको नजिक पुग्दैछ । भारतमा सक्रिय केस १५.४ प्रतिशत पुग्दा नेपालमा २६.८ प्रतिशत पुगेको छ । भारतमा संक्रमितमध्ये ८३ प्रतिशत निको भएका छन् भने नेपालमा ७२.५ प्रतिशत निको भएका छन् । नेपालमा हरेक दिन १५ सयको हाराहारीमा नयाँ संक्रमित थपिने गरेका छन् । सक्रिय संक्रमितको संख्या दिनदिनै बढिरहेको छ ।

तरकारी बजार, सपिङ मल, सरकारी कार्यालय, बैंक एवं वित्तीय संस्थाहरूबाट संक्रमण फैलिरहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । बाँकी ८ पेजमा

## अयोध्यापुरीमा बन्ने भयो राम मन्दिर



काठमाडौं । चितवनको माडी नगरपालिकाले अयोध्याधाम निर्माणका लागि १०० बिघा जग्गा छुट्याएको छ । नगरप्रमुख ठाकुरप्रसाद ढकालले वडा नं ८ र ९ सिमानामा अयोध्यापुरीधाम निर्माणका लागि हालको अयोध्यापुरी उद्यानको १०० बिघा जग्गा छुट्याइएको बताए ।

प्रधानमन्त्री केपी शर्मा ओलीले भानु जयन्तीको अवसरमा आयोजित कार्यक्रममा भगवान् राम नेपालकै माडीको अयोध्यामा जन्मिएको तथ्य प्रमाण रहेको भनेपछि यस विषयले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा चर्चा पाएको थियो । माडीका जनप्रतिनिधिलाई भेटेर प्रधानमन्त्री ओलीले अयोध्याधामको निर्माण थाल्न निर्देशनसमेत दिएका थिए । बाँकी ८ पेजमा

## एम्नेस्टीसँग मोदी सरकारको प्रतिशोध

काठमाडौं । विश्वको ठूलो लोकतन्त्र भएको मुलुक भारतमा मानव अधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनलमाथि मोदी सरकारले प्रतिशोधपूर्ण व्यवहार गर्न थालेपछि उसले आफ्ना सबै गतिविधिहरू बन्द गर्ने निर्णय गरेको छ ।

एम्नेस्टी इन्टरनेसनलले भारतमा मानव अधिकार, महिला एवं जातीय हिंसामा भएका मानव अधिकार उल्लंघनका घटनाविरुद्ध आवाज उठाउँदै आएको थियो । त्यस क्रममा एम्नेस्टीले सत्तारुढ दल भारतीय जनता पार्टी र उसका भ्रातृ संगठनहरूको भूमिकाप्रति प्रश्न उठाउँदै आएको थियो । त्यसलाई लिएर भाजपा निकट संगठनहरूले एम्नेस्टीको कडा विरोध गर्दै आएका थिए ।

मानव अधिकारको विषयलाई लिएर विगत केही वर्षदेखि एम्नेस्टी र भारत सरकारबीच कटुता रहँदै आएको थियो ।



एम्नेस्टीले विभिन्न समयमा सार्वजनिक गरेका मानव अधिकारसम्बन्धी प्रतिवेदनप्रति भारत सरकारले कडा आपत्ति जनाउँदै आएको थियो । एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदनमा दिल्ली दंगा र जम्मु कास्मिरमा मानव अधिकारको उल्लंघन भएको उल्लेख छ । त्यसमा प्रहरी र भारत सरकार मुख्य दोषी भएको जनाइएको छ ।

दिल्लीमा फागुनमा भएको दंगामा ५० भन्दा बढीको ज्यान गएको थियो । दिल्ली प्रहरीले त्यसबेला सुधा भारद्वाज, बराबरा रावलगायत अधिकारकर्मीलाई गिरफ्तार गरेको थियो ।

सन् २०१४ मा सत्तामा आएदेखि नै मोदी सरकारले गैरसरकारी संस्थाहरू (गैसस) प्रति कडा रवैया अपनाउँदै आएको छ । यस अवधिमा १० हजारभन्दा बढी गैससको दर्ता खारेजी समेत गरिसकिएको छ । लोकसभाबाट अघिल्लो साता पारित विदेशी अंशदात (योगदान) विधेयक २०२० ले गैससले अनुदान प्राप्त गर्ने बाटो बन्द गर्दै थप अंकुश लगाएको छ ।

भारत सरकारले सेप्टेम्बर १० मा एम्नेस्टीका सबै बैंक खाता पूर्ण रुपमा रोक्का गरेपछि एम्नेस्टीका सबै गतिविधिहरू ठप्प भएका हुन् । संस्थामा कार्यरत १ सय ५० कर्मचारीको पनि जागिर खोसिएको छ । एम्नेस्टी इन्टरनेसनल (भारत) का कार्यकारी निर्देशक अविनाशकुमारले भनेका छन्- 'अन्यायका विरुद्ध सधैं बाँकी ८ पेजमा

## विषाक्तमिश्रित स्यानिटाइजर बजारमा

काठमाडौं । बजारमा छ्याप्छ्याप्ती विषाक्त रसायन मिसाइएका स्यानिटाइजर बिक्री हुँदै आएको पाइएको छ ।

कोरोना भाइरस संक्रमणबाट जोगिन ह्यान्ड स्यानिटाइजर प्रयोग बढ्दै जाँदा बजारमा अवैध तरिकाले विषाक्त रसायन मिसाइएका स्यानिटाइजर विक्री भइरहेको पाइएको हो ।

औषधि व्यवस्था विभागले अनुगमनका क्रममा १८ कम्पनीका स्यानिटाइजर विषाक्त रहेको भेटाएको हो । विभागले ती कम्पनीका स्यानटाइजर उत्पादन, प्रयोग र बिक्रीमा रोक लगाएको छ । बजारमा भेटिएका विषाक्त स्यानिटाइजरमा मिथानोल मिसावट पाइएको हो । गत २७ भदौदेखि १२ असोजसम्म देशभर भेटिएका १८ वटा विषाक्त बाँकी ८ पेजमा

## बैरागी मुख्यसचिव, खतिवडा र रेग्मी राजदूत



काठमाडौं । सरकारले शंकरदास वैरागीलाई मुख्यसचिवमा नियुक्त गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले मुख्यसचिव लोकदर्शन रेग्मीले दिएको राजीनामा स्वीकृत गर्दै वैरागीलाई मुख्यसचिवमा नियुक्त गरेको हो ।

यस्तै, मुख्य सचिवबाट राजीनामा दिएका लोकदर्शन रेग्मीलाई सरकारले बेलायतको राजदूत नियुक्त गरेको छ । रेग्मीले आजै राजीनामा दिएका हुन् । रेग्मी कात्तिक ३ गते सेवाबाट अवकाश हुँदैछन् ।

यसैगरी पूर्व अर्थमन्त्री एवं प्रधानमन्त्रीका आर्थिक सल्लाहकार डा. युवराज खतिवडालाई सरकारले अमेरिकाको राजदूत बनाउने निर्णय गरेको छ ।

## बढ्यो डिजिटल कारोबार

काठमाडौं । कोरोना (कोभिड-१९) को संक्रमण सँगै डिजिटल कारोबारमा बृद्धि भएको छ । केन्द्रीय बैंकले सार्वजनिक गरेको चालु आबको साउन महिनाको तथ्याकंले सबैभन्दा धेरै कारोबार मोबाइल वोलट र एटीएमबाट भएको देखिएको छ ।

साउनमा वालेटको माध्यमबाट एक करोड एक लाख ७७ हजार ८ सय ८९ वटा कारोबार भएको छ । उक्त कारोबारबाट कुल सात अर्ब ५७ करोड ९० लाख रुपैयाँ बराबरको कारोबार भएको हो । असारको भन्दा कारोबार रकम केही घटेपनि कारोबार उल्लेख्य रहेको तथ्याकंले देखाएको छ । त्यस्तै एटीएमबाट साउनमा ४७ लाख ६९ हजार ३ सय ४० वटा कारोबारबाट ३८ अर्ब ३९ करोड ३० लाख रुपैयाँ बराबारको कारोबार भएको छ । मोबाइल बैंकिङबाट ५९ लाख २३ हजार ४ सय ११ कारोबारबाट १८ अर्ब ३९ करोड ३० लाख रुपैयाँ कारोबार भएको छ ।

एक महिनामा सबैभन्दा धेरै रकमको कारोबार आरटीजीएसको माध्यमबाट भएको छ । आरटीजीएसको माध्यमबाट साउनमा ३४ हजार ९ सय ३७ वटा कारोबारको माध्यमबाट कुल ८७ खर्ब १५ अर्ब ६१ करोड ९० लाख रुपैयाँको कारोबार भएको हो । असार महिना आर्थिक वर्षको अन्तिम महिना भएकोले तुलनात्मक रुपमा कारोबार बढेको आकलन गरिएको छ । जसले गर्दा असर महिनाको भन्दा साउनमा केही कारोबार रकम घटे पनि विद्युतिय कारोबार भने बढेको छ ।

लकडाउन तथा निषेधाज्ञाले विद्युतीय कारोबार बढेको हो । कोभिड १९ को नियन्त्रणका लागि भएको लकडाउन र निषेधाज्ञाले गर्दा नागरिकलाई बैंकसम्म पुगेर कारोबार गर्न असहज भएको तथा बैंक तथा वित्तीय संस्थाले विद्युतीय कारोबारलाई प्रोत्साहन गर्दा विद्युतीय माध्यमबाट हुने कारोबार बढेको बैकर्सहरूले बताएका छन् । केन्द्रीय बैंकले उपलब्ध बाँकी ८ पेजमा

## डा. केसीको सत्याग्रह र सरकारको बेवास्ता

**समय-सन्दर्भ**

**तेजेन्द्र प्रसाईं**

डा. गोविन्द केसी अहिले आफ्नो १९ औं अनसनमा छन् । उनले २०६९ सालदेखि चिकित्सा शिक्षा सुधारको माग राख्दै आमरण अनसन सुरु गरेका थिए । शिक्षण अस्पताल महाराजगन्जका हाडजोर्नी विशेषज्ञ प्रा.डा.केसी अहिले सेवानिवृत्त छन् । यद्यपि उनले आफूसँग भएका सम्झौताहरू सरकारले पूरा नगरेको भन्दै फेरि अनसनमा बसेका छन् । उनले राखेका मागहरू राज्य आफैंले गर्ने काम हुन् । तर मेडिकल माफियाहरूको चंगुलमा फँसेको सरकार स्वास्थ्यमा जनताको सहज पहुँच हुन दिने पक्षमा देखिँदैन ।



केसीको अनसनप्रति सरकार बेखबर जस्तो भएर बसिरहेको छ । सरकारका केही दलाल मेडिकल क्षेत्रका व्यक्तिहरू केसीलाई कांग्रेसको बिल्ला भिराइरहेका छन् । उनीहरूले केसीले कांग्रेसको इसारामा सरकारलाई बदनाम गराउन अनसन बसेको आरोप लगाइरहेका छन् । तर केसी कांग्रेस शासनकालमा पनि अनसन बसेकै हुन् । उनका मागहरू राजनीतिक उद्देश्यले अभिप्रेरित देखिँदैनन् । तर केसीले यसपटक राखेका मागको अन्तिम बुँदासँग सरकार अवश्य तर्सिएको छ । जहाँ उनले देशका ठूलठूला भ्रष्टाचारका विषय उठाउँदै भ्रष्टहरूलाई कारबाहीको दायरामा ल्याउन माग गरेका छन् । सरकार नै जब भ्रष्टहरूले चलाइरहेका छन् भने भ्रष्टाचार काण्डलाई किन छानबिनमा लिन्थ्यो ओली सरकार ?

स्वास्थ्य क्षेत्रका विकृतिहरू हटाउन ज्यानकै बाजी बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** तेजेन्द्र प्रसाई
**प्रबन्ध सम्पादक** कृष्णराज दुलाल
**प्रबन्ध निर्देशक** किरण थापा
**अतिथि सम्पादक** विष्णु भट्टराई
**सहसम्पादक** घनश्याम ओली
**बजार व्यवस्थापन** रामशरण रिमाल
**सम्पादन सहयोगी** गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# सम्पादकीय

## भारत जानेको लर्को

दशैं तिहार तथा छठपर्वको पूर्वसन्ध्यामा असंख्य नेपाली युवायुवतीहरू मुग्लान (भारत) भासिँदैछन् । चाडपर्वका बेलामा मात्र फर्किने भारतमा कामदार रहने नेपालीहरू यसपटक चैत, वैशाखतिरै नेपाल फर्किए । कारण थियो भारतमा बढ्दो कोरोना संक्रमण र त्यसको नियन्त्रण हेतु गरिएको लकडाउन । भारतमा लामो लकडाउन भएपछि नेपाली कामदारहरूको रोजीरोटी गुम्यो । पराई मुलुकमा भोकभोकै तड्पिनुपर्ने अवस्था आएपछि उनीहरू थुप्रै हण्डर खाँदै स्वदेश फर्किन थाले । यता नेपालमा पनि सरकारले देशव्यापी लकडाउन गरेको थियो । त्यसबेला नेपालमा कोरोना संक्रमण देखिएको मात्र थियो अहिलेको जस्तो तीव्र संक्रमण फैलिएको थिएन । सीमा नाकामा प्रवासी नेपालीहरूको भीड लाग्न थाल्यो । उनीहरूलाई नाम मात्रको क्वारेन्टाइनमा १४ दिनसम्म थन्क्याएर घर जान दिइयो । बिना परीक्षण गाउँ पुगेका प्रवासी नेपालीहरूबाटै कोरोना तराईदेखि हिमाल चढ्न सफल भयो । अहिले कोरोना संक्रमणको बढ्दो रफ्तारले राज्य आतंक नै मच्चिएको छ ।

सरकारले झन्डै ६ महिना लकडाउन र निषेधाज्ञा जारी गऱ्यो । भारतबाट कामविहीन भएर फर्किएका नेपाली कामदारहरूले यहाँ पनि कुनै काम पाएनन् । परिवार नै भोकभोकै पर्ने भएपछि कोरोना कहरका बीच फेरि उनीहरू भारत जान सीमा नाकामा भीड लाग्न थाले । आउँदा नेपाली नागरिकता हातमा लिएर आएका नेपाली कामदारहरू भारत फर्किंदा आधारकार्ड, रासनकार्ड हातमा लिएर फर्किए, फर्किरहेका छन् ।

यदि सरकार जनताप्रति जिम्मेवार हुन्थ्यो भने उनीहरू यसरी महामारीका बीचमा भारत जानु पर्दैनथ्यो । सरकारले स्वदेश फर्किएका नेपालीहरूलाई काम पनि दिएन माम पनि दिएन । देशमा भोकभोकै मर्नुको सट्टा भारतमा कोरोना महाव्याधी भए पनि दाम र मामको आसमा नेपालीहरू चाडबाड नभनी फर्किन बाध्य हुनु परेको हो ।

भारतमा कति नेपाली कामदारहरू छन् भन्ने एकिन तथ्यांक नभए पनि २५।३० लाख बढी नेपाली कामदारहरू रहेको अनुमान गरिन्छ । विशेषतः सुदूरपश्चिमको सिंगो जनसंख्या भारतीय रोजगारीमा निर्भर छ । भारतका विभिन्न सहरमा मात्र होइन, विकट पहाडी स्थल लद्दाखमा समेत नेपाली कामदारहरू भारतीय सैनिकको भरिया भएर काम गरिरहेका छन् । लद्दाखमा चीन र भारतीय सेना अहिले पनि आम्नेसाम्नेको अवस्थामा छन् । त्यहाँ कथंकदाचित युद्ध भए नेपाली कामदारहरूको अवस्था कल्पना समेत गर्न सकिन्न ।

भारतमा रोजगारीका लागि जाने प्रचलन बलभद्र कुँवर लाहोर जानुअघि देखिकै हो । पछि गोर्खा भर्ती केन्द्र खोलेर ब्रिटिशहरूले नेपालीहरूलाई भाडाका सैनिक बनाउन थाले । यो व्यवस्था अझै बरकरार छ । भारतमा मात्रै होइन, खाडी मुलुकलगायत युरोप, अमेरिका, अफ्रिकासम्म नेपाली कामदारहरूले आफ्नो नियति भोगिरहेका छन् । झन्डै ६० लाख युवा जनशक्ति विदेशमा रहेको अनुमान गरिन्छ । देशमा रोजगारीको अवसर नभएर नै नेपाली युवा शक्ति विदेश पलायन भएको हो । देशको अवस्था अहिले पनि लीलबहादुर क्षेत्रीको बसाइँ उपन्यासको वर्णनभन्दा फरक छैन । बसाइँ हिँड्नेको ताँती रोक्न सरकारसँग कुनै कार्ययोजना नहुनु दुःखद कुरा हो ।

# २१ औं शताब्दीको वामपन्थवाद कस्तो ? नेपालमा जस्तो



**सुरेन्द्र ढकाल**

कार्लमार्क्सले सन् १८४० तिर दास क्यापिटल र कम्युनिस्ट मेनिफेस्टोको प्रकाशन गरेपछि वामपन्थको उदय भयो । यसलाई १९ औं शताब्दीको वामपन्थवाद भन्दा फरक नपर्ला । यसले ऐतिहासिक भौतिकवाद र द्वन्द्वात्मक भौतिकवादको व्याख्या गर्दै श्रमजीवी जनताको मुक्तिको बाटो देखायो । तर यो सिद्धान्त जसलाई मार्क्सवाद भनियो, यो १९ औं शताब्दिभरि कहीँ पनि प्रयोगमा आएन ।

राजनीतिक दर्शनको रुपमा मात्रै सिमित रह्यो । सन् १९२३ मा भ्लादिमिर लेनिनले सफल बोल्सेभिक क्रान्ति गरी पहिलो पटक मार्क्सवादलाई प्रयोगमा ल्याए भने सन् १९४९ मा माओले चीनमा क्रान्ति गरी मार्क्सवादलाई स्थापित गरे जसलाई क्रमशः लेनिनवाद र माओवाद भनियो । त्यस्तै क्रान्तिहरू उत्तर कोरिया, क्युवा, भियतनाममा पनि सम्पन्न भए । यसरी हेर्दा २० औं शताब्दि मार्क्सवादको स्थापना गर्ने अनि विकास गर्ने क्रममा सफल शताब्दि बन्यो ।

यही मार्क्सवादी, लेनिनवादी र माओवादी क्रान्तिलाई नेपालमा सफल तुल्याउन झण्डै स्थापनाकालको ६ दशक कुर्नु पऱ्यो । नेपालमा पनि क्रान्तिहरू भए जस्तो झापा आन्दोलन, माओवादी जनयुद्ध आदि । तर यी सबै आन्दोलनहरू संसदीय भासमा गएर पतन भयो । यसलाई पतन नभनेर २१ औं शताब्दिको मार्क्सवाद भन्दै नेपाली जनताको आँखामा छारो हाल्ने काम भएको छ ।

झापा आन्दोलनको जगमा उभिएको एमाले र माओवादी जनयुद्धको जगमा उभिएको माओवादी पार्टीको एकतापछि अहिले २१ औं शताब्दिको वामपन्थवादले चर्चा परिचर्चा पाउन थालेको छ । कोही कोही यो २१ औं शताब्दिको मार्क्सवाद भनेको सी जिन पिङ वाद भन्न थालेका छन् भने कसैले यसलाई मदन भण्डारीको बहुदलीय जनवाद र माओवादीहरूको प्रचण्डपथको मिश्रण पनि भन्छन् । तर व्यवहारमा हेर्दा त्यस्तो देखिँदैन । खास नेपाली तथाकथित सत्तारुढ वामपन्थीहरूले भन्ने २१ औं शताब्दिको मार्क्सवाद भनेको के हो त ? विगत दुई वर्षको नेपालको डवल नेकपाको शासनलाई विश्लेषण गर्ने हो भने यो २१ औं शताब्दिको वामपन्थवाद भन्नाले निम्न कुराहरू बुझ्न सकिन्छ ।




१. १९ औं र २० औं शताब्दिको वामपन्थवादको महान शत्रु भनेको अमेरिकाद्वारा नेतृत्व गरिएको पुँजीवादी साम्राज्यवाद थियो भने २१ औं शताब्दिको वामपन्थवाद भनेको चाहिँ अमेरिकाको पिछलग्गु वामपन्थवाद भनेर बुझ्नु जरुरी छ । एमसिसि अन्तर्गत ५०० मिलियन अमेरिकी डलरको अनुदान प्राप्त गर्न गति छाडेर लाग्ने नेपाली सत्तारुढ वामपन्थवादले यस कुरालाई प्रमाणित गरेको छ ।

२. भ्रष्टाचार १९ औं र २० औं शताब्दिको वामपन्थवादको महान शत्रु थियो । भ्रष्टाचारीहरूलाई चीनमा अहिले पनि मृत्युदण्ड दिइन्छ । तर २१ औं शताब्दिको वामपन्थवादमा भने भ्रष्टाचार गर्नेलाई छुट होइन, पुरस्कार दिइन्छ । हिजो नांगा पैताला र चप्पल लगाएर काठमाण्डौ छिरेका नेपाली वामपन्थी नेताहरूले काठमाडौंमा विशाल घरघडेरीको जोहो गर्नु, फेरी फेरी महँगा कारको सयर गर्नु, विलासी जीवन यापन गर्नुले २१ औं शताब्दिको वामपन्थवाद कस्तो रहेछ भनेर सोझै प्रमाणित गरेर देखाइदिएको छ । वाइडबडी, एनसेल, ३३ किलो सुन आदि इत्यादि प्रकरणहरू त्यसका ज्वलन्त उदाहरणहरू हुन् । नेपालमा जस्तो धनाढ्य वामपन्थीहरू सायद संसारको कुनै कुनामा पनि भेटिँदैनन् होला । त्यसैले नेपाललाई २१ औं शताब्दिको वामपन्थवादको उर्वराभूमि नै भन्नुपर्छ ।

३. १९ औं र २० औं शताब्दिको वामपन्थवादको महान शत्रु भनेको सामन्तवाद र तिनले गर्ने शोषण र उत्पीडनहरू थिए । तर २१ औं शताब्दिको वामपन्थवाद भनेको विचौलियावाद, कमिसनवाद र बलात्कारवाद भनेर बुझ्नुपर्छ । यस अन्तर्गत वामपन्थी नेता र तिनका छोराहरू नवसामन्त बन्दै जनताका छोरीहरूलाई बलात्कार गर्दै मार्ने गर्छन्, ठेकेदारहरूसँगको मिलोमतोमा राष्ट्रिय ढुकुटीको दोहन गर्छन्, योजनाको कार्यान्वयनलाई अलपत्र पारेर भाग्दा समेत उनीहरू सजायको भागिदार हुँदैनन् । निर्मला बलात्कार अनि हत्याकाण्डहरू, पुलहरू बन्न नपाउँदै भाँचिने, अलकत्रा लाउन नपाउँदै उप्किने सडकहरू, विमानस्थल बन्न सुरु नहुँदै घनाजंगल मासेर वन्यजन्तुको वासस्थान उठाउने जस्ता कुराहरूलाई २१ औं शताब्दिको वामपन्थवादका सफल उदाहरणहरू मान्नु पर्दछ ।

४. संसदीय व्यवस्थामा चुनाव हारेपछि राजनीतिक जीवन प्रायः अन्त हुन्छ । हिलारी क्लिन्टनको राजनीतिक जीवनलाई हेर्दा सो कुरा स्पष्टै हुन्छ । वामपन्थवादी चीनमै पनि हुवा गो फेङ, जियाग ज मिन आदिको राजनीतिक जीवनलाई हेर्दा निश्चित पदावधि सक्नासाथ वा असफल हुनासाथ राजनीतिक जीवन अन्त्य हुँदोरहेछ भनेर बुझ्न सकिन्छ । तर २१ औं शताब्दिको वामपन्थवादमा भने चुनाव हार्नेहरूलाई मनोनित गरेर पुरस्कार दिइन्छ । वामपन्थी नेताहरू राजनीतिबाट कहिल्यै निवृत हुँदैनन् । चुनावहरूवा पूर्वमाओवादी नारायणकाजी श्रेष्ठ र पूर्व एमाले वामदेव गौतमका माथिल्लो सभामा भएको मनोनयन २१ औं शताब्दिको वामपन्थवादको ज्वलन्त उदाहरणहरू हुन् ।

५. १९ औं र २० औं शताब्दिको वामपन्थवाद भनेको सर्वहारावादको नेतृत्व थियो भने २१ औं शताब्दिको वामपन्थवाद भनेको चाहिँ सर्वआहरावादको नेतृत्व भनेर बुझ्नुपर्ने हुन्छ । वामपन्थी नेताहरूको चिल्लो र खाइलाग्दो अनुहार, सामन्ती उपभोगवादी जीवनशैली, जनतासँग डराएर सुरक्षाको घेरामा बस्नुपर्ने बाध्यता आदि कुराहरूले स्पष्टै गरेको छ ।

संक्षेपमा भन्नुपर्दा २१ औं शताब्दिको वामपन्थवादको सफल कार्यान्वयन नेपालमै भएको कारण यो विचारधारा र जीवनशैलीलाई विश्वव्यापि बनाउन भनेर नेपालमा २१ औं शताब्दिको मार्क्सवादी अध्ययन र अनुसन्धान केन्द्र कमाउरेड माधवकुमार नेपालको नेतृत्व स्थापना भई यसले आफ्ना कार्यक्रमहरू संचालन गर्न लागेको थाहा पाउँदा विश्वकै वामपन्थीहरू हर्षले गदगद भएको सुन्नमा आएको छ अरे ।

जे होस् यस शताब्दिको वामपन्थी आन्दोलनको नेतृत्व गर्ने जिम्मा नेपालका कमाउरेड वामपन्थीहरूले पाउनुले यो विचारधारा र सिद्धान्त छिट्टै विश्वव्यापी हुने कुरामा विश्वास गर्न सकिन्छ । अब कसैले २१ औं शताब्दिको वामपन्थवाद कस्तो भनेर सोध्यो भने नेपालमा जस्तो भनेर सजिलै जवाफ दिन सकिने भएको छ ।

# कोरोना नियन्त्रणमा कमजोर व्यवस्थापन



**गोविन्द विक**

विश्वलाई नै आतङ्कित बनाएर फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण तीब्र रुपमा फैलिन थालेसँगै आम नागारिकमा थप त्रास बढिरहेको छ । सरकारको कमजोर व्यवस्थापन र जनस्तरबाट हुन थालेको हेलच्याक्राइँले गर्दा दिनप्रतिदिन कोरोना भाइरस संक्रमितको संख्या उकालो लागेको कुरामा दुविधा छैन ।

लामो दूरीका सवारी खुल्ला भएपछि विभिन्न जिल्लाबाट उपत्यका आउने र उपत्यकाबाट बाहिर जानेको भीड दिनदिनै बढ्दो क्रममा छ । सरकारले स्वास्थ्य मापदन्ड अपनाउने गरी सबै किसिमका सवारी खुल्ला गर्ने निर्णय गरेको भए तापनि यातायात व्यवसायीले सरकारी मापदण्डलाई खासै पालना गरेको देखिदैन । भौतिक दूरी कायम गरी सिटमा यात्रु राख्ने सेनीटाइजर अनिवार्य सवारी साधनमा हुनुपर्ने उभिएर कोचेर यात्रु राख्न नपाइने लगायतका शर्त सरकारले जारी गरेको थियो ।

सरकारले लामो तथा छोटा दूरीका सवारीमा भाडासमेत बढाएर लिन मिल्ने गरी निर्णय गरेको थियो । छोटा तथा लामो दूरीका सवारी साधनको अवस्था हेर्दा सरकारी नियमअनुसार पालना गर्नुपर्ने कुनै पनि स्वास्थ्य मापदण्ड पूरा गरेको देख्न पाइन्न । कतिपय सवारीमा त चालक तथा सहचालकले पनि मास्कसमेत नलगाएको पाइन्छ । यसबाट पनि कोरोना भाइरस संक्रमण फैलनमा मद्दत पुगिरहेको छ ।

पछिल्लो समयमा छिमेकी मुलुक भारतबाट समेत सिधै उपत्यका भित्रिनेहरू ठूलै संख्यामा छन् । उनीहरूको निगरानी कतैबाट पनि भएको छैन । अहिलेको वर्तमान परिस्थितिलाई विश्लेषण गर्ने हो भने पनि उपत्यका कोरोना भाइरसको हट स्पोट बन्ने खतरा बढिरहेको छ । कोरोना रोकथामका लागि सरकारले जारी गरेको मापदण्ड पालनामा जनस्तरबाट पनि व्यापक रुपमा लापरवाही भएको कसैबाट छिपेको छैन । भीडभाडमा नजाने, मास्क अनिवार्य लगाउने, विनाकाममा घरबाट बाहिर ननिस्कने, कसैसँग भेटनुपर्दा भौतिक दूरी कायम गर्ने जस्ता स्वास्थ्य मापदण्ड पालना गर्न जनस्तरबाट वास्ता गरिएको छैन ।

मास्क नै नलगाइ भीडमा मानिसहरू हिँडिरहेका हुन्छन् । कोरोना भाइरस केही हैन सामान्य भाइरस हो निको भइहाल्छ भन्ने किसिमको बुझाइ मानिसमा पर्न थालेको हुनाले पनि रोकथामका उपाय पालनामा बेवास्ता बढ्दै गएको स्वतःसिद्ध छ । कोरोना भाइरसलाई सामान्य ठानेर रोकथामका उपायमा बेवास्ता गर्नु मुर्खता मात्र हो । आफू जोगिने र आफू वरपरकालाई जोगाउनका लागि मास्क अनिवार्य लगाउने बाहिर निस्कँदा भीडमा नजाने खाद्यान्न तरकारी किनमेल गर्दा पनि लाइनमा व्यवस्थित हुने प्रक्रिया अपनाउन जनस्तरबाट गर्न सकिने काम हुन् ।

कसैले भन्नु भन्दा पनि संक्रमणबाट जोगिन आफैं सचेत र सजग हुन जरुरी छ । आफ्ना दैनिक कामकाज बन्दव्यपार अगाडि बढाउने चुनौति त छँदैछ साथसाथै कोरोना रोकथामका उपाय पालनामा पनि त्यत्तिकै ध्यान दिन जरुरी छ । कोरोना भाइरस संक्रमण तुलनात्मक रुपमा यहि गतिमा उकालो लाग्दै जाने हो भने हरेक घरमा हरेक परिवारमा संक्रमित भेटिने दिन धेरै टाढा देखिदैन । त्यसैले संक्रमणको जाखिम कम गर्नका लागि जनस्तरबाट पनि व्यापक सजगता अपनाउन कन्जुस्याइँ गर्न नहुने देखिएको छ ।

कोरोना भाइरस रोकथामका लागि सरकारले सुरुका दिनदेखि नै व्यवस्थापनमा चुक्दै गएको थुप्रै उदाहरणहरू सबैलाई थाहै छ । संक्रमितहरूको कन्ट्र्याक ट्रेसिङमा सरकारले प्रभावकारी काम गर्न सकेको छैन । कतिपय स्थानीय निकायहरूले संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरूको कन्ट्र्याक ट्रेसिङ नै नगरेका थुप्रै तथ्यहरू सञ्चारमाध्यमबाट बाहिर आइ नै रहेका छन । यसमा सरकारले चासो नै दिएको छैन । १४ दिन आइसोलेसनमा बसेपछि परिक्षणै नगरी घर पठाउने गरेको पनि पाइएको छ । तर संक्रमित भएर आइसोलेसनमा बसेकाहरूको पुनः टेस्ट गर्दा २१ दिनसम्म पनि पोजेटिभ नै देखिएका केसहरू पनि छन । यसमा सरकारको व्यवस्थापन कमजोर भएको पुष्टि हुन्छ ।

कोरोना पोजेटिभ देखिएपछि संक्रमितहरूको घरमा संक्रमित जनाउने पोष्टर टाँस्ने, संक्रमित क्षेत्र भनेर ठूला ठूला ब्यानर टास्ने जस्ता गैर जिम्मेवारपूर्ण काम पनि भए । जसले गर्दा कोरोना संक्रमण निको भएपछि पनि समाजमा अपहेलित हुनुपर्ने मान्छेहरू तर्सिने भाग्ने गरेका दृष्यहरू पनि समाजमा देखिइराखेका छन । यसमा पनि सरकारले चासो देखाएन । बलत्कारी, भ्रष्ट्रचारी घुसखोरी, हत्याराको घरमा पोस्टर नटासिने कोरोना संक्रमितको घरमा पोस्टर टासिने यो कस्तो अमानवीय कार्य हो ? नागारिकप्रतिको सरकारको दायित्व यही हो ? केन्द्र सरकार आफ्नै तालमा दौडने कसैको प्रवाह नै नगर्ने काग कराउँदै गर्छ पिना सुक्दै गर्छ भन्ने उखान केन्द्र सरकारमा चरितार्थ भएको छ भने प्रदेश सरकार खै कता छ कसैलाई पत्तो छैन स्थानीय सरकार विना योजना लगाम विनाको घोडा जस्तै मडारिरहेको छ । यस्तो अवस्थामा संक्रमण कसरी रोकिन्छ ? तीन तहका सरकारहरूको तालमेल नै मिलिराखेको छैन ।

सबै आफ्नै सुरमा हिँडेपछि त्यसको असर प्रत्यक्ष रुपमा आम जनमानसमा पर्नु स्वभाविक नै हो । जसले गर्दा जनमानसमा सरकारप्रतिको आक्रोस दिनदिनै बढिराखेको छ । संक्रमण फैलिन्छ भनेर २५ जनाभन्दा बढी भेला हुन नपाइने गोष्ठी सेमिनार कार्यक्रम गर्न नपाइने नियम बनाउने अनि आफै कार्यक्रम गर्ने दिवस मनाउनुले सरकारको काम नै भद्रगोल भएको प्रष्ट हुन्छ । त्यसैले सरकारले कोरोना नियन्त्रणमा अझै गम्भीर भएर सम्पूर्ण शक्ती नै यसमा परिचालन गरेर अगाडी बढन जरुरी छ साथै कोरोना नियन्त्रणमा विज्ञहरूको सुझावलाई पनि कार्यान्वयन गर्न त्यत्तिकै ध्यान दिन आवश्यक छ । जसका कारण कोरोना नियन्त्रण होस् ।

# मैले देखेको १४२ औं विश्व सम्पदा

# वासिङ्टन डिसीको ह्वाइट हाउस

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा ह्वाइट हाउस




माथिबाट हेर्दा ह्वाइट हाउस परिसर



ह्वाइट हाउस अवलोकन गर्न जाने पर्यटकहरूको घुइँचो



ह्वाइट हाउस अगाडि सुरेन्द्र मित्र वसन्तजी र गोपालजीका साथ



ह्वाइट हाउस परिसरमा देखिने हरियाली वातावरण

अप्रिल ४, २००३ को दिनभर हामी क्यापिटोल बिल्डिङ र त्यसको वरपर अवलोकन गर्नमा नै ब्यस्त भयौं र बेलुकी ५ बजेतिर हामीलाई आतिथ्य दिने मित्रको डेरामा फर्कियौं। रमतीको ट्रेन दिनभरको अवलोकनबाट हामी अलिकति थकित त छँदै थियौं। मित्रहरूका साथ नेपाली खाना खाई गफसफ गर्दा रातिको १० बजिसकेको थियो। भोलिपल्ट बिहान हल्का नास्ता र चिया खाई हामी अमेरिकी राष्ट्रपतिको कार्यालय तथा निवास ह्वाइट हाउस अवलोकन गर्न त्यतातिर लाग्यौं।

**ह्वाइटहाउस**

ह्वाइट हाउसमा सन् १८०० देखि अमेरिकी राष्ट्रपतिको औपचारिक कार्यालय तथा निवास रहिआएको रहेछ। जोन एडम्स यस ह्वाइट हाउसमा बसी कार्य गर्ने प्रथम अमेरिकी राष्ट्रपति रहेछन्। उत्तरपश्चिम वासिङटन डिसीको १६०० पेनसिल्भानिया एभेन्यमा यो भवन अवस्थित रहेछ।

आयरलैण्डमा जन्मिएका जेम्स होवान नामका एक आर्किटेक्टले यस भवनको डिजाइन तयार गरेका रहेछन्। नवशास्त्रीय शैलीमा यो भवन बनेको रहेछ। सन् १७९२ मा निर्माण शुरु भई सन् १८०० मा सम्पन्न भएको यस भवन सेतो चुनले पोतिएको रहेछ। सन् १८१२ को युद्धमा ब्रिटिस आर्मीले बम प्रहार गर्दा यस भवनको भित्री र बाहिरी भाग क्षतविक्षत भएको थियो रे। त्यस्को लगत्तै यसको पुनर्निर्माण सुरु भई सम्पन्न हुँदा नहुँदै राष्ट्रपति जेम्स मुनरो यस भवनमा सरेका रहेछन्।

भवनको दक्षिणी विशाल प्रवेशद्वार (पोर्टीको) सन् १८२४ मा र उत्तरी पोर्टीको निर्माण सन् १८२९ मा सम्पन्न भएको रहेछ। रुजवेल्ट राष्ट्रपति हुँदा कामको चाप बढी कर्मचारीको संख्या बढेको कारण सन् १९०१ मा बनेको भवनको पश्चिमी मोहडामा उनले आफ्नो कार्यालय सारेका रहेछन् जसलाई १९०८ मा राष्ट्रपति होवार्ड टाफ्टले झनै विस्तार गरेका रहेछन्। जसलाई त्यस बेलादेखि ओभल अफिस नामाकरण गरिएको रहेछ। पछि सन् १९४६ मा राष्ट्रपति जेफरसनको पालमा भवनको पूर्वी मोहडा र राष्ट्रपति ट्रुमानको पालामा भवनको भित्री भागको पुरै परिवर्तन गरिएको रहेछ। वर्तमान समयमा पनि राष्ट्रपतिको निवास र कार्यालय रहेको यस भवन अमेरिकाको राष्ट्रिय सम्पदामा सूचिकृत रहेछ।

यो भवन कसरी त्यहाँ निर्माण हुन पुग्यो भन्ने बारेको इतिहास खोतल्दा प्रथम अमेरिकी राष्ट्रपति जर्ज वासिङ्टनको कार्यालय र निवास राजस्व कमिसनर सामुयल ओस्गुडको न्यूयोर्कस्थित दुई निजी घरमा सन् १७९० देखि नै रहेको र पछि राष्ट्रपतिको छुट्टै निवास र कार्यालय बनाउन भनी न्युयोर्कमा सुरु गरिए तापनि ह्वाइट हाउसको निर्माण हुनुभन्दा दश वर्षअगाडि नै सन् १७९० को डिसेम्वरदेखि नै वासिङटन डिसीमा देशको राजधानी र भाडामा लिएको भवनमा राष्ट्रपति कार्यालय सरेको रहेछ।

वासिङटन डिसीमा अमेरिकाको राजधानी सरेपछि ह्वाइट हाउस कस्तो बनाउने भन्ने बारेको डिजाइन पेस गर्न पुरस्कारसहितको खुला बोलपत्र आह्वान गरिएको रहेछ जसमध्ये जेम्स ओवानको लागतसहितको भवनको नक्सा छानिएको रहेछ। आयरलैण्डमा जन्मी अमेरिकामा वसाइ सरेका यी होवान नाम गरेका आर्किटेक्टले क्यापिटोल विल्डिङको पनि बोलपत्र जितेको हुँदा ह्वाइट हाउस र क्यापिटोल विल्डिङ दुवैको निर्माण कार्यको सुपरिवेक्षण यिनैले गरेका रहेछन्। रोमन वास्तुकलाबाट प्रभावित होवानको डिजाइन पुनर्जागरणको समयको विख्यात इटालियन आर्किटेक्ट आन्द्रेआ पाल्लादिआको झल्को दिने किसिमको बताइँदो रहेछ भने भवनको माथिल्ला तलाहरू आइरिस संसद भवन लाइन्सटर हाउसको नक्कल भनिदो रहेछ।

ह्वाइट हाउसको निर्माणको शुरुवात भने अक्टोवर १३ १७९२ का दिन औपचारिक रुपमा भएको रहेछ। निर्माण कार्यमा अमेरिकामा रहेका अफ्रिकन दासहरू र युरोपेली कामदारहरूलाई लगाइएको रहेछ। रोमन साम्राज्य अन्तर्गतको क्रोआसियाबाट आयात गरिएका चुनढुंगाले बनेका भवनका विशाल भित्ताहरू भने स्कटलैण्डबाट वसाइ सरेर आएका आप्रवासी कामदारहरूले बनाएका रहेछन्। आठ वर्ष लगाइ बनाइएको यस भवनको शुरुको लागत दुई लाख बत्तीस हजार तीन सय एकहत्तर अमेरिकी डलर रहेछ। सन् १८०० को १ नोभेम्बरमा यस भवनको निर्माण कार्य सम्पन्न भई भवन प्रयोगमा आउन शुरु भएको रहेछ। भवन बनेताका यसलाई राष्ट्रपतिको दरबार (प्रेसिडेन्ट प्यालेस) भनिए तापनि सन् १८११ देखि मात्रै यसलाई ह्वाइट हाउस भन्न शुरु गरिएको रहेछ। किनकी सन् १८११ को भिषण आगलागिबाट बचेका वासिङटन डिसीका सबै भवनहरूलाई चुनाले पोतेर सेतो बनाउने लहर चलेको बेलाको सम्झना ताजा राख्ने उद्देश्यले यस भवनको नाम ह्वाइट हाउस हुन गएको हो भन्ने भनाइ पनि रहेछ। तर औपचारिक रुपमा यस भवनलाई ह्वाइटहाउस भनी अभिलेख राखिएको राष्ट्रपति थियोडर रुजभेल्टको पाला ( सन् १९०१) मा हो।

भवनभित्र गएर पर्यटकहरूलाई अवलोकन गर्न दिने चलन नभएको हुँदा हामीले बाहिरैबाट भवनको अवलोकन गऱ्यौं। करिब एक घण्टा जति ह्वाइटहाउस परिसरमा बिताइ हामी त्यताबाट वासिङटन मेमोरियल अवलोकन गर्न त्यतातर्फ लाग्यौं।

## ऱ्याली अफ होपलाई विश्वनेताहरूले सम्बोधन गर्ने

संयुक्त राष्ट्रसंघको महापरामर्सदाताको हैसियत प्राप्त अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था संस्था युनिभर्सल पीस फेडेरेसन (युपीएफ) ले यही २०७७ साल आश्विन ११ गते आइतबार 'याली अफ होप' को दोस्रो संस्करण आयोजना गर्ने भएको छ। कार्यक्रममा विश्वनेताहरूले कोभिड १९ को महामारीको अन्त्यपछिको आशावादी पक्षलाई पृष्टपोषण गर्ने 'आशाको सन्देश' प्रदान गर्नुका साथै विश्वस्तरीय मनोरञ्जनात्मक सामाग्रीहरू पनि प्रस्तुत गरिने छ।

गणतन्त्र कोरियाबाट भर्चुअल रुपमा प्रसारण हुने कार्यक्रमलाई सउटोमे एण्ड प्रिन्सिपेका राष्ट्रपति इभारिस्तो कार्भाल्हो, कम्बोडियाली राष्ट्रसभाका अध्यक्ष सम्देच हेङ् सम्रिन, गणतन्त्र फिलिपिन्सका पूर्व सभामुख, जोसे डि भेनेसिया जुनियर, युरोपेली युनियनका पूर्व अध्यक्षलगायत विश्वनेताहरूको सन्देशका साथै मदर अफ पीसको रुपमा परिचित युनिभर्सल पीस फेडेरेसनकी सह संस्थापिका डा. हाकजा हानमुनले प्रेरणादायी सन्देश दिने कार्यक्रम रहेको आयोजकले जनाएको छ।

साथै कार्यक्रममा विश्वविख्यात बालकलाकारहरूको समूह 'ए लिट्टिल एन्जेल्स फोक ब्याले अफ कोरिया' र कोरियाली पूर्वपर्यटन मन्त्री समेत रहेका गायक तथा अभिनेता किम म्योङ्गगोनको सांगितिक प्रस्तुतिद्वारा सहभागीहरूलाई मनोरञ्जन प्रदानगरिने छ। यस अघि गत महिना, अगष्ट ९ मा, आयोजित पहिलो भर्चुअल ऱ्याली अफ होपमा विश्वभरीबाट करोडौं दर्शकहरूले दृश्यावलोकन गरेका थिए। उक्त कार्यक्रमलाई कम्बोडियाली प्रधानमन्त्री महामहिम सम्देच हुन सेन, संयुक्त राष्ट्र संघका पूर्व महासचिव बानकी मुन, अमेरिकी सिनेटका पूर्व सभामुख न्युट गिनग्रिजलगायत विश्वका प्रतिष्ठित व्यक्तित्वहरूले सम्बोधन गरेका थिए। ऱ्याली अफ होपमाथि अन्तरनिर्भरता, पारस्परिक समृद्धि र विश्वव्यापी मूल्यमान्यता रहेको छ।


# ३६. २००७ सालको "क्रान्ति" र त्यसलाई हेर्ने एक नजर (३)

भेटघाटको दिन र समय निश्चित भएपछि पशुपति समशेरले मलाई लिन आफ्नो मोटरकार पठाए। गिरी बहादुरलाई साथमा लिएर म गएँ। त्यस समय पशुपतिशमशेर महाराजगन्जस्थित आफ्नै घरमा नबसेर पाटन जाउलाखेलस्थित एक जना राणाको घरमा बस्दा रहेछन्। भेटघाट दुई अढाई घन्टा जति लामो थियो, तर ज्यादै नै लामो र उपयोगी।

पशुपति शमशेरसितको मेरो त्यो भेट पहिलो थियो र सायद अन्तिम नै पनि हुन सक्छ। किनभने एक त त्यो भेटघाट भएको ३४-३५ वर्ष बितिसक्दा पनि एक पटक पनि हामीहरूको भेट भएको छैन र दोस्रो कुरा भेट्ने आवश्यकता पनि होला जस्तो लाग्दैन। पशुपति शमशेरले मसँग किन भेट्न चाहेका हुन् मैले आजसम्म बुझ्न सकेको छैन।

भेटघाटमा कुराकानी विशेष गरेर निर्दलीय पञ्चायती व्यवस्था, भारतप्रति मेरो दृष्टिकोण र 'दिल्ली सम्झौता' बारे केन्द्रित रह्यो। मैले पञ्चायती व्यवस्थाबारे उनको विचार जान्न खोज्दा उनलाई त्यस व्यवस्थाप्रति निकै असन्तोष भएको पाएँ तर विरोधी चाहिँ होइन। उनले विशेष गरेर भारतीय विस्तारवादप्रतिको मेरो विचार बुझ्न चाहेँ। मैले भारतीय विस्तारवादको धेरै नै विरोधमा बोलेँ।

उनले आफ्नो तर्फबाट विल्कुलै 'हाँ या नाँ' जाहेर गरेनन्। 'दिल्ली सम्झौता' बारे भने उनले मलाई प्रशस्तै जानकारी दिए र त्यो पनि प्रमाणसहित।.उनले भने- 'मानिसहरू दिल्ली सम्झौता राणा सरकार र नेपाली कांग्रेसको बीचमा भएको थियो भनी भन्छन्। तर उनीहरूको त्यो भनाइ विल्कुलै गलत छ। दिल्ली सम्झौता वास्तवमा मेरो बाजे मोहन शमशेर जबरा र भारतीय प्रधानमन्त्री पं. जवाहरलाल नेहरूको बीचमा भएको थियो। मेरो बुबा जनरल विजयशमशेर (जो त्यसबेला नेपालको तर्फबाट नयाँ दिल्लीमा राजदूतको रुपमा कार्यरत थिए) स्वयं नेपालको तत्कालीन




■ शम्भुराम श्रेष्ठ

राणा प्रधानमन्त्री मोहनशमशेर जबराको तर्फबाट नयाँ दिल्ली गएको प्रतिनिधि सभाका सदस्य होइबक्सिन्थ्यो। यस्तो भन्नुको साथै उनले मलाई दिल्ली सम्झौतासम्बन्धी केही दस्तावेजहरू पनि दिए। मैले पछि त्यस सम्झौता बारेका प्रायः सबै दस्तावेजहरू खोजी जम्मा गरेँ। त्यसपछि मलाई हामी नेपाली कम्युनिस्टहरू ज्यादै नै सिम्पलटन रहेछौं भन्ने लाग्यो।

दिल्ली सम्झौता हुँदा पुष्पलाल र मनमोहन आदि सबै नै भारतमै थिए। दिल्ली सम्झौताबारे भएका सबै कुराहरूको प्रतिवेदन पं. नेहरूले भारतीय पार्लियामेन्टमा दिएका थिए र ती प्रतिवेदनहरू समावेश भएका भाषणहरू पनि भारतका सबैजसो प्रमुख अखबारहरूमा प्रकाशित पनि भएका थिए र रेडियोबाट प्रसारण भएका थिए। तर यसबारे हाम्रो पार्टीको नेतृत्व विल्कुलै बेखबर भएर बसेका थिए। दिल्ली सम्झौता ककसको बीचमा भएको थियो र सम्झौता कुन कुन विषयमा भएको थियो भन्ने बारेमा विल्कुलै केही थाहा नभए पनि हाम्रो पार्टी र कामरेडहरू दिल्ली सम्झौता धोखा हो भन्दै हिँडे। अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेर जबरा र भारतीय प्रधानमन्त्री पं. जवाहरलाल नेहरूको बीचमा हुनु भनेकै वास्तवमा २००७ सालको क्रान्ति हामीहरूले भनी हिँडे जस्तै नेपाली कांग्रेसको नेतृत्वमा भएको होइन, वल्की पं. जवाहरलाल नेहरूले नेपाली कांग्रेसलाई अघि सारेर गरे गराएको क्रान्ति थियो भन्नु हो। किनभने यस किसिमको सम्झौता जहाँ पनि र जहिले पनि सशस्त्र संघर्षको दुई प्रमुख पक्षको बीचमा हुने गर्छ। यदि २००७ सालको क्रान्ति भारतीय विस्तारवाद नाइके पं. जवाहरलाल नेहरूले गरे गराएको नभई नेपाली कांग्रेसले नै गरेको भए दिल्ली सम्झौता स्वभावतः नेपाली कांग्रेस र राणा सरकारको बीचमा हुन्थ्यो। यसबाट २००७ सालको क्रान्तिको वास्तविक रचनाकार र पर्दा पछाडिबाट त्यसलाई सञ्चालन गर्ने सूत्रधार अरु कोही होइन, पं. जवाहरलाल नेहरू हुन् भन्ने प्रमाणित हुन्छ।

अब प्रश्न उठ्छ, भारतीय विस्तारवादको नाइके पं. जवाहरलाल नेहरूले २००७ सालको क्रान्ति किन गरे अथवा गराए ? त्यस्तो गर्नु गराउनुको कारण के हो ? त्यो खास कारण हो- भारत स्वाधीन भएको लगत्तैपछिदेखि भारतीय विस्तारवादले अंग्रेज साम्राज्यवादबाट अपुतालीको रुपमा पाई नेपालमा उपभोग गरिआएका अर्ध औपनिवेशिक सहुलियतहरू र सुविधाहरू चीनमा जनक्रान्ति सम्पन्न भई त्यहाँ शक्तिशाली जनसरकार स्थापना भएदेखि खतरामा परेको महसुस गरी नेपालमा थोर बहुत प्रजातान्त्रिक सुधार गरी गराई संयुक्त राष्ट्र संघलगायत अन्य मुलुकहरूबाट पनि नेपाललाई मान्यता दिलाई सन् १७९२ को नेपाल र चीनबीचको सन्धिको आधारमा चीनबाट नेपालमा हुन सक्ने भन्ने कपोलकल्पित सैनिक अतिक्रमण हुन नदिई खतरामा परेको भनिएका अर्धऔपनिवेशिक सहुलियतहरू र सुविधाहरूलाई सुरक्षित गर्नु। भारतीय विस्तारवादको यो बदनियत र त्यसलाई पूरा गर्न अपनाइएका नीतिहरू प्रधानमन्त्री पं. जवाहरलाल नेहरूले भारतको पार्लियामेन्टमा दिएका नेपालसम्बन्धी प्रतिवेदनहरू र भाषणहरूमा प्रष्टसँग प्रतिबिम्बित भएका छन्।

सन् १९५६ मा सहमति भई सन् १९५८ मा अन्तिम स्वीकृति भएको नयाँ नेपाल चीन मैत्री सन्धिको धारा नं. ३ ले नेपाल र चीनको तिब्बत प्रदेशबीचका लगायत नेपाल र चीनको बीचमा रहेका सबै पुराना सन्धिहरू र दस्तावेजहरू यसै धाराद्वारा खारेज गरिएका छन्। 'सबै पुराना सन्धि सम्झौताहरू खारेज गरेदेखि भारतीय विस्तारवादको कपोलकल्पित डर, त्रासहरू समाप्त भएका छन्।

सन् १७९२ मा जितपुरफेदीमा सम्पन्न नेपाल चीन सन्धि जसलाई नेपाल तिब्बत सन्धि पनि भन्ने गरिएको छ। त्यस सन्धिका ७ वटा बुँदाहरू छन्, जसमध्ये उल्लखनीय केही बुँदाहरू तल उद्धृत गरिएका छन्।

(१) अब उप्रान्त चीनलाई नेपाल र तिब्बत दुवैले पिता मान्नुपर्नेछ र आपसमा एकले अर्कोलाई दाजुभाइ ठान्नुपर्नेछ।

(२) हातहतियार बोकेका सिपाहीहरूबाहेक, नेपालका सबै प्रजाहरूलाई चीन र तिब्बतमा आउन जान, कलकारखानाहरू खोल्न र व्यापार गर्न दिइनेछ।

(३) दुई भ्रातृ राज्यहरू (अर्थात् नेपाल र तिब्बत) मध्ये कुनै एउटाले अर्काको प्रादेशिक भूमि हडप्ने नियतले त्यसै त्यसै झगडा सुरु गरेमा ती दुइटै सरकारहरूका प्रतिनिधिहरूले सबै व्यहोराहरूबारे पेकिङ दरबारमा जाहेर गर्नुपर्नेछ र पेकिङ दरबारको फैसला अन्तिम हुनेछ।

(४) नेपालमाथि कुनै विदेशी शक्तिले आक्रमण गरेमा चीनले उनलाई मद्दत गर्न आउन चुक्ने छैन।

(५) ती दुइटै भ्रातृ राज्यहरूले (अर्थात् नेपाल र तिब्बतले) पाँच पाँच वर्षमा आआफ्नो मुलुकमा केही पैदाइसहरू पितृप्रेमको रुपमा पेकिङ दरबारमा पठाउनुपर्नेछ।

कथा

# समयको फेरो

■ लक्ष्मी उप्रेती

रातको समय। भव्य होटलको सिसाले घेरेको कोठाबाट हेर्दा विद्युतीय प्रकाशले उजेलिएका सीमाहीन चिल्ला सडकमा आँखा चिप्लिन्छन्। राम्रा सुकिला विभिन्न आकारप्रकारका व्यस्त गाडीहरू वेगवान् गतिले कुदेका छन् आफ्नो गन्तव्य ताक्दै। आवतजावत गरिरहेका गाडीहरूबाट निस्किएको बत्तीको चहकिलो प्रकाशले सडक सुन्दर कलेवरमा सजिएको देखिन्छ। यो मनमोहक वातावरण, यो सपनामा देखिएको सहर विपना भएर पनि मेरो लागि कस्तो अभिशप्त बन्यो, हरे !

यो मेरो सुखद पलमा उनको उपस्थिति कस्तो विषादयुक्त बन्यो ? अतीत बिर्सन खोज्छु स्मृतिहरू बग्दै आउँछन् सलल ?

कुनै बेला जसलाई आफ्नो मुटुको टुक्रा जस्तै ठान्थें, आज त्यसैलाई मनको एउटा कुनामा अटाएर राख्न सक्दिनँ। एकान्तमा उनलाई नै सम्झिएर पिउँदै छु उनकै नामका पीडा स्मृतिहरू।

कुनै कुनै पीडालाई रङ्ग भरेर किन पोत्न सकिँदैन क्यानभासमा ? आज समयको फेरोबाट लम्किएर थुप्रै टाढा पुगेर पनि मन दुख्दैछ उनीसँग बिताएका विगतका सम्झनाहरूमा।

छुटिसक्यो भनेको पीडा पनि समयको गर्भभित्र हुर्किरहेको हुँदोरहेछ। उनीसँग हुँदाको समयमा उनीसँगै देख्ने गरेको सपनाको सहरमा छु यसबेला। तर यो कस्तो विडम्बना हो ? यो प्राप्तिको पलमा खुम्चँदै भासिँदै छु।

चार वर्षअगाडि विदेशको आकर्षण र भौतिक सुखसुविधाको मोहमा परेर विप्लवीले मसँगको प्रेम लत्याइन्। त्यस चोटले कति दिनसम्म त म पलपल मर्दै बाँच्दै गरेँ। पहिलो प्रेममा धोका पाउँदा मलाई सहन कति गाह्रो पर्‍यो ?

बिस्तारै-बिस्तारै बाँच्ने प्रेरणा प्राप्त भयो। बुझ्दै जाँदा जीवनप्रति मोह जाग्न थाल्यो र समयले उद्देश्यमा पुग्ने बाटो कोर्दै यसरी यहाँसम्म ल्यायो। ती दिनहरूमा विप्लवी कविता लेख्थिन् मेरा लागि, म चित्र कोर्थें उनका लागि। सम्झन नचाहँदा पनि बिर्सन नसक्ने विगत पोखिन्छ आँखामा।

जब एस.एल.सी. पास गरेर म आई.ए.पढ्नका लागि काठमाडौं आएँ, तब डेरा खोज्दै जाँदा विप्लवीको घरमा पुगेँ। उनको घर मैले पढ्न चाहेको ललितकला क्याम्पस नजिकै भएकाले उनकै घरमा डेरा लिएर बस्न थालेँ।

गाउँमा भएको अलिकति खेतीपाती आमाले दुःख गरेर सम्हाल्दै पढ्ने खर्च जुटाएर मलाई पठाउनु हुन्थ्यो। आफ्नो इच्छा अनुसार पढ्ने उद्देश्य राखेर म सहर आएँ अनि ललितकला क्याम्पसमा पढ्न थालेँ। त्यसबेला विप्लवी कक्षा नौमा पढ्थिन्। उनी कविता लेख्ने र म चित्र बनाउने भएकाले कला प्रदर्शनी र साहित्यिक कार्यक्रममा हाम्रो भेट हुन थाल्यो। बिस्तारै हामी एक अर्काका प्रशंसक हुँदै जाँदा हाम्रो मित्रता बढ्दै गयो।

दिन बित्दै गए। मेरो फुर्सदको समयमा विप्लवी मसँग हिसाब र अङ्ग्रेजी सिक्न आउन थालिन्। एक दिन विप्लवीकी आमाले भन्नुभयो "बाबु, विप्लवीको एस.एल.सी. आउने बेला भयो। अब उसको परीक्षा नसकुन्जेल बाबुले अलि बढी समय निकालेर उसलाई सिकाइदिनु पर्‍यो। परीक्षाभरि बाबुले पनि हाम्रैमा खाना खाने है।" विप्लवीकी आमाको वचन काट्न सकिनँ र विप्लवीलाई पढाउन थालेँ।

विप्लवीको एस.एल.सी. परीक्षा सकियो। केही दिनमा परीक्षाफल प्रकाशित भयो। विप्लवी राम्रो अंक ल्याएर प्रथम श्रेणीमा उत्तीर्ण भइन्। उनको त्यस सफलतामा उनीहरूले मन खोलेर मलाई धन्यवाद दिए। म पनि उत्पात खुसी भएँ।

साहित्यमा रुचि भएकाले विप्लवीले नेपाली विषयमा उच्च शिक्षा हासिल गर्ने उद्देश्य राखेर पद्म कन्यामा आइ.ए. पढ्न थालिन्। उनी क्याम्पस पढ्न थालीकन साहित्य, कलाका साथसाथै क्याम्पसमा हुने अन्य गतिविधिबारे हाम्रो चर्चा हुन्थ्यो। हाम्रो कुरामा विप्लवीकी आमा पनि सहभागी भएर हामीलाई साथ दिनुहुन्थ्यो।

गफ गर्दागर्दै चिया नास्तामात्र नभई कहिलेकहीँ त विप्लवीकी आमाको करमा परेर खाना पनि त्यहीँ खान्थेँ। आफैले खाना बनाएर खान लाग्दा उनीहरूको भान्छामा पाकेको कुनै न कुनै परिकार विप्लवीले मलाई पनि ल्याइदिन थालिन्।

राम्रो अङ्क ल्याएर म आइ.ए. उत्तीर्ण भएँ। बि.ए. पढ्नका लागि मलाई छात्रवृत्ति प्राप्त भयो। किताब या क्यानभास अगाडि बसेर कूचीमा रङ्ग दल्दै औंला खेलाउनु र विप्लवीको नजिकमा बितेको समय सुखद हुन्थ्यो मेरा लागि।

बि.ए. को प्रथम वर्षको परीक्षा सकिएपछि केही दिनका लागि घर जाने निधो गरेर विप्लवी र विप्लवीकी आमासँग बिदा मागेँ। त्यसबेला मेरो घर जाने कुरा सुनेर विप्लवीले निन्याउरो अनुहार लगाइन्। उनकी आमाले पनि भन्नुभयो "बाबु छिटै फर्कनुहोला, तपाईं हाम्रै परिवारको सदस्य जस्तो हुनुभयो। तपाईं नहुँदा अब हामीलाई शून्य हुन्छ।"

भोलिपल्ट बिहानै घर जान बाटो लागेँ। घर पुग्दा झमक्क साँझ परिसकेको थियो। आमा मेरा लागि मनपर्ने खानाको परिकार बनाएर घाम अस्ताउनु अघिदेखि नै बाहिर पिंढीमा बसेर मेरो बाटो हेरिरहनु भएको रहेछ। घर पुगेर आमालाई ढोगेँ। आमाले मलाई सुमसुम्याउँदै बल्ल आइस् मेरो बाबु भनेर भावविभोर हुनु भयो। म पनि वात्सल्यमा चुर्लुम्म डुबेर आनन्दविभोर भएँ।

केही दिन बित्न नपाउँदै विप्लवीको अभाव खड्किएर मभित्र खालीपन भइनै रह्यो। विप्लवीको सम्झनामा बहकिएर आमाको स्नेहमा म ठयाक्कै रमाउन सकिनँ। त्यसैले विप्लवीको सामीप्य पाउन केही दिनपछि नै काठमाडौं फर्किएँ। विप्लवीसँगको बिछोडमा रमाइलो बेचैनीले विक्षिप्त भएको अनुभव गरेँ। उनीसँग थाहै नपाई प्रेम भैसकेको रहेछ।

यता विप्लवी पनि म नहुँदा विचलित भइछिन्। म पुगेपछि किन यति धेरै दिन लगाउनु भयो। अलि छिट्टै आउनुपर्थ्यो नि भन्दै सुँक्क सुँक्क गरिन्। हो, त्यसबेला उनले मलाई प्रेम गरेकी थिइन्। साँचो प्रेम। समय बित्दै गयो। मैले बि.ए. फाइनल परीक्षा दिएँ। केही दिनमा परीक्षाफल प्रकाशित भयो। राम्रो अङ्क ल्याएर प्रथम श्रेणीमा नै उत्तीर्ण भएँ। मेरो सफलतामा विप्लवी र उनकी आमा पनि रमाए।

घरमा गएको बेला आमाको दुःख देखेर म भित्रभित्रै पिरोलिरहेको थिएँ। त्यसैले मैले डिग्रीको पढाइसँगसँगै जागिर खाने निर्णय गरेँ। जागिरका लागि आफ्नो बायोडाटा लिँदै थुप्रै कार्यलय चाहारेँ। फलतः एउटा राम्रो कम्पनीमा चित्त बुझ्दो जागिर पाएँ र डिग्री पढ्दै जागिर खान थालेँ।

त्यसपछि शनिवार बाहेक अन्य दिनहरूमा म व्यस्त नै रहन थालेँ। शनिवारचैं विप्लवीसँग कहिले सिनेमा हेरेर, कहिले धुलिखेल, गोकर्ण, नगरकोट, साँखु, सुन्दरीजल, चोभारजस्ता रमणीय स्थानमा घुमफिर गरेर रमाइलै रमाइलोमा बित्दथ्यो।

खुसी खुसीमा नै दिन बितिरहेका थिए। एक दिन गाउँबाट आमा निकै बिरामी हुनु भएको छ भन्ने खबर आयो। यस्तो खबर सुनेपछि विप्लवीलाई समेत भन्न भ्याइनँ र हतारिएर गाउँतिर लागेँ। आमाको अवस्था निकै कमजोर भैसकेको रहेछ। अनि केही दिनमा आमाको उपचारको लागि काठमाडौं नै लिएर आएँ।

यसै बीचमा निकै वर्ष विदेशमा बस्ने एउटा नेपाली मानिस विप्लवीको घरमा फ्याल्ट नै भाडामा लिएर बस्न थालेको रहेछ। त्यो मानिससँग बिस्तारै-बिस्तारै विप्लवीको हिमखिम बढ्दै जान थालेछ।

आमाको उपचारमा व्यस्त भएर म कति दिन अफिस पनि गइनँ। पढाइ छुटे नै जस्तो भयो। विप्लवीसँगको भेट पनि पातलिन थाल्यो। बल्ल-बल्ल समय निकालेर भेटन जाँदा पनि कहिले यो काम कहिले ऊ काम भनेर उनी मबाट टाढा हुन्थिन्।

(क्रमशः)

मुक्तक



## राजधानी आएपछि

गरिब कहाँ जाउन धनको मनमानि भएपछि
ओत लाग्ने ठाउँ छैन पानी आएपछि
रहर बोकेर सहर छिरेको छोरो हुँ म
महँगीले सपना खोस्यो राजधानी आएपछि !!

## सपनीमा तिमी

आयका थियौ सपनीमा आज
तडपिदै थियौ मेरो सामु बसेर पास !!
झरकिदै थियौ तिमि किन बोल्दैनौ भनि आज
सम्बन्ध केहि छैन भनि किन खोलदैनौ आज!!
बोल्छु भन्दा केहि सब्दै खुलेनन्
अनेक प्रस्न थिय तर जबाफ बोलेनन् !!
हतारिदै थियौ तिमि टाढा भाग्न
बुझ्न खोजे ति सपनी तर बिपिनिमा रहेनन् !!

● सञ्जु ओली
(दोलखा)

## मृत शरीर

मृत मेरो शरीर हुँदा
तिमी पनि त्यहीँ आउनु
तिम्रा हातबाट पनि फूल चढोस्
मेरा लागि एक थोपा आँसु झरोस् !!
आफ्नो साथमा त तिमीलाई कहिल्यै पाइन्
बाँचेर पनि म कहिल्यै खुसी भइन्
कुरिरहनु अब मलाई प्रिय
जबसम्म म खरानी हुन्न !!
ढुक्क भै बस्नु तिमी
म पर्खिरहुँला सधैं
आउनु तिमी पनि खरानी बनी
अनि तिमी र म नभई सधैं 'हामी' हौंला !!

## तिम्रा सामु

तिम्रासामु चम्केका ती जुन तारा केही हैन
हाँस्दै गरेको हिमाल अनि सुन्दर मुन केही हैन !!
मन्द मुस्कानसँगै मधुर बोलीले लठ्ठ पार्ने
तिम्रोसामु त्यो संगीतको सुर केही हैन !!
हर पल हर तरफ तिम्रै रुपको चचा छ
सजाइ दिन्छु मुटुभित्र त्यो सुन केहि हैन !!
चौतारीको पहाड फोरी उभिइ दिन्छु तिम्रो सामु
तिम्रो लागि बगाई दिन्छु खुन त्यो पनि केहि हैन !!
लजाउछ फुलबारी पनि तिम्रो आगमनमा
भुलिदिनछन् सारा लगाएको गुन केहि हैन !!

## आशा

मुत्यु संग डराई डराई किन भागदछ मान्छे
मरेको लाश हेर्दै मुटु छामदछ मान्छे !!
केहि गर्छु भोलि आफ्नाको लागि भन्दै
इश्वरसंग लामो जिवन मागदछ मान्छे !!
वर्तमानमा दुःखै दुःखमा परि रोय पनि
भविस्यको लागि केहि खुसिको आस साचदछ मान्छे !!
सुनौलो बिहानि र सुभ खबरको अपेछ्यामा
मन बुझाउदै जिन्दगी बिताउछ मान्छे !!

## चौतारीको यात्रा

देशको माया खोज्दै परदेस जाने
सबै नेपालीको थर हुँदैन रे !!
गिट्टी बालुवा चाल्नेहरूको कुनै घर हुँदैन
आफ्नै भन्ने आफन्तको पनि यहाँ भर हुँदैन रे !!
माया प्रेमको के परिभाषा दिउँ र खै
एउटै चौतारीमा पनि वर र पिपल हुँदैन रे !!
यस्तो लाग्दैछ प्रेमिल सहर बनाउ हाम्रो
जहाँ कसैको छुट्ने छुटाउने डर हुँदैन रे !!

**कोभिड १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं**

- आर्थिक असमानता, सामाजिक एवं सांस्कृतिक देखावटीपन, नकारात्मक अभ्यास एवं चलायमान, मनोवृत्तिलाई कडाईका साथ निरुत्साहित गरौं।
- आदर्शपूर्ण नैतिक शिक्षा तथा उच्च परिवारिक मूल्य मान्यता, दया, आदर र आत्मसम्मानको भाव प्रदान गर्ने प्रकृतिको चेतना अभिबृद्धि गरौं।
- उच्चाभिलाषी हुने ज्ञानभन्दा जीवनमा आइपर्ने हरेक विषम परिस्थितिको सामना गर्न सक्ने खुवी र मानसिकताको विकास गरौं।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# भारत-पाक तनावले सार्क सम्मेलन ओझेलमा



विष्णु भट्टराई

सार्कको १९ औं शिखर सम्मेलन २०१६ नोभेम्बर ९ र १० अर्थात् कात्तिक २४ र २५ गते पाकिस्तानको राजधानी इस्लामावादमा हुने तय भएको थियो। तर, भारतले अचानक सार्क शिखर सम्मेलनमा सहभागी नहुने बताएपछि सार्क सम्मेलन स्थगित भएको घोषणा नगरिए पनि स्थगित नै भएको छ। त्यसमाथि पनि बंगलादेश, भुटान, श्रीलंका र अफगानिस्तानले समेत सहभागिता नजनाउने बताएपछि सार्कको शिखर सम्मेलन त्यो वर्ष पनि निर्धारित मितिमा हुन सकेन। नेपालले सार्कको शिखर सम्मेलन गर्ने वातावरण बनाउन आग्रह गरे पनि पाकिस्तानमा नै गर्नुपर्छ वा अन्यत्र सारेर गर्ने भन्ने बारेमा आफ्नो धारणा बाहिर ल्याएको छैन। त्यसमाथि पनि सार्क शिखर सम्मेलनको स्थान परिवर्तनको प्रस्ताव आयोजक राष्ट्रले नै लानुपर्ने भएका कारण पनि सार्क सम्मेलनको अनिश्चितता थपिएको हो। पाकिस्तानले आफूले सार्क शिखर सम्मेलन गर्न नसक्ने कारणसहित स्थान परिवर्तनको प्रस्ताव लैजानुपर्छ। पाकिस्तान अहिले नै त्यसो गर्ने मनस्थितिमा देखिँदैन। सोही कारण पनि भारत र पाकिस्तानको टकरावको छायामा सार्क परेको छ।

सार्कका कुनै पनि राष्ट्रको सहमतिविना कुनै पनि सामूहिक निर्णय हुन सक्दैन। सार्क बडापत्रको धारा १० मा उल्लेख गरिएका सामान्य नियमको व्यवस्था नै सार्कको गतिशीलताका लागि ठूलो बाधकका रुपमा रहेको छ। सार्क बडापत्रको धारा १० मा सार्कका सबै स्तरका निर्णयहरू सर्वसम्मतिका आधारमा लिइने र द्विपक्षीय र विवादास्पद विषयहरू छलफलमा नै नराखिने उल्लेख गरिएको छ। यो नियम नै सार्कको गतिशीलताका लागि मुख्य बाधकका रुपमा खडा भएका छन्। अहिलेको अवस्थालाई हेर्ने हो भने भारत र पाकिस्तानबीच देखिएको द्वन्द्व सामूहिक छलफल, वार्ता र संवादका आधारमा पनि समाधान गर्न सकिन्छ। तर, सार्क बडापत्रका नियमले नै भारत र पाकिस्तानबीचको विवादमाथि छलफल गर्न प्रतिबन्ध लगाएको छ। यस्तै, सार्कमा सामूहिक हितका विषयबाहेक द्विपक्षीय र विवादास्पद विषयमा छलफल नै नहुने भएका कारण भारत र पाकिस्तान, नेपाल र भारत, अफगानिस्तान र पाकिस्तानबीच द्वन्द्वका विषयमा सार्कभित्र कुनै छलफल हुन सक्दैन। यस्तै, सार्कका निर्णयहरू सर्वसम्मतिमा हुने भएका कारण कुनै एक देश वा अधिकांश देशले चाहेर पनि आफूअनुकूलको निर्णय गराउन सक्दैनन्। यसले गर्दा सार्क जुन दक्षिण एसियाली क्षेत्रको आर्थिक वृद्धि, समाजिक प्रगति तथा सांस्कृतिक विकासको साधन बन्नुपर्ने थियो। त्यो बन्न सकेको छैन र यही प्रावधान रहेसम्म बन्ने पनि छैन। सार्कका उद्देश्यमा भनिएजस्तै सबै मानिसलाई स्वाभिमानसाथ रहने र उनीहरूलाई आफ्नो पूर्ण क्षमताको महसुस गराउने अवसर प्रदान यस प्रकारको संस्थाले उपलब्ध गराउन सक्छ कि सक्दैन भन्ने प्रश्न पनि खडा भएको छ। सार्क आफैंमा गतिशील संस्था नभएसम्म दक्षिण एसियाली देशहरूबीच सामूहिक आत्मनिर्भरता अभिवृद्धि र सुदृढ गर्नु, आपसी विश्वास र समझदारी बढाउन, आर्थिक, सांस्कृतिक, प्राविधिक, समाजिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहयोग र आपसी सहायता प्रवर्द्धन गर्न सक्ने छैन। यसले गर्दा सार्कलाई गतिशीलता प्रदान गर्नका लागि नयाँ ढंगले सोच्नु र सोहीअनुसार नियमहरूलाई परिमार्जित, विकसित र सदृढ बनाउन जरुरी छ।

भारतीय केही सञ्चारमाध्यमले भने पाकिस्तानमा नभई अन्यत्र भएमा भने सार्क शिखर सम्मेलनमा सहभागिता जनाउन सक्ने संकेत गरेका छन्। भारतसँगै सार्कका पाँच सदस्य राष्ट्रले सहभागी हुन नसक्ने बताएपछि संकटमा परेको सार्क शिखर सम्मेलन अन्यत्र सारेर पाकिस्तानमाथि कूटनीतिक रूपमा पनि थप दबाब सिर्जना गर्ने योजनामा भारत रहे पनि स्थान परिवर्तनको प्रस्ताव लैजाँदा कूटनीतिक रुपमा थप दबाबमा पर्ने भएकाले पाकिस्तान तत्काले त्यसको पक्षमा छैन। यदि, पाकिस्तानले त्यसो गरेमा अंग्रेजी 'अल्फाबेट' का आधारमा हुने सार्क शिखर सम्मेलन श्रीलंकामा हुनुपर्नेछ।






सन् १९८० मा दक्षिण एसियामा विकसित क्षेत्रीय एकताको भावनालाई समेट्नका लागि बंगलादेशका राष्ट्रपति जियाउर रहमानले सार्क स्थापनाको विशेष पहल गरेका थिए। त्यसअघि नै नेपालका राजा वीरेन्द्रले सन् १९७७ मा कोलोम्बो योजना परामर्शदातृ सम्मेलनमा नेपाल हितका लागि प्रयोग गर्न आह्वान गरेका थिए। यसरी विकसित भएको सार्क अवधारणालाई बंगलादेशमा ७ र ८ डिसेम्बर १९८५ मा ढाकामा प्रथम शिखर सम्मेलनको आयोजना गरी औपचारिकता दिइएको थियो। त्यसबेला नेपाल, पाकिस्तान, बंगलादेश, भारत, भुटान, माल्दिभ्स र श्रीलंकाले सार्क बडापत्रमा सहमति जनाएका थिए भने सन् २००७ अप्रिलमा भारतमा सम्पन्न १४औं शिखर सम्मेलनले अफगानिस्तानलाई सदस्यता प्रदान गरेको हो। सन् २००४ मा पाकिस्तानमा भएको सार्क शिखर सम्मेलनमा भारतका प्रधानमन्त्री अटलबिहारी वाजपेयीले सार्क शिखर सम्मेलनमा सहभागिता जनाउँदै पाकिस्तानी तत्कालीन राष्ट्रपति परवेज मुसर्रफसँग छलफल गरेका थिए। यसपटक भारतले पाकिस्तानमा हुने सार्क शिखर सम्मेलनमा सहभागिता जनाएमा उनी त्यसपछि सार्क शिखर सम्मेलनका लागि पाकिस्तान जाने पहिलो प्रधानमन्त्री बन्नेछन्। तर, तत्कालै सार्क शिखर सम्मेलन हुने अवस्था देखिएको छैन।

नेपाल सार्कको अध्यक्ष राष्ट्र मात्रै नभएर संस्थापक र परिकल्पनाकार मुलुकमध्ये एक हो। सार्कको प्रधान कार्यालय नेपालमा नै रहेको छ भने सार्कका हरेक गतिविधिमा नेपालको धेरथोर हिस्सेदारी अवश्य छ। सार्कको अध्यक्ष राष्ट्र भएको नाताले नेपाल र सार्क शिखर सम्मेलन आयोजक राष्ट्रका हिसाबले पाकिस्तानको भूमिका यसको प्रभावकारिता, सुदृढीकरण, अवरोध भएका गतिविधिलाई नियमित गर्ने मुख्य दायित्व पनि यसबेला छ। भारत र पाकिस्तानबीच काश्मीरका विषयमा यसअघि दुईपटक युद्ध भए पनि नेपालले त्यसमा आफ्नो असंलग्न परराष्ट्रनीतिलाई नै अवलम्बन गर्‍यो।

यस्तै, सन् १९६२ मा भएको भारत-चीन युद्धमा पनि नेपालको भूमिका असंलग्न नै रह्यो। यसर्थ, यसपटक पनि नेपालले आफ्नो असंलग्न परराष्ट्र युद्धमा पनि नेपालको भूमिका असंलग्न नै रह्यो। यसर्थ, यसपटक पनि नेपालले आफ्नो असंलग्न परराष्ट्रनीतिलाई नै अवलम्बन गर्नुपर्ने बताउँछन्, परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठ। 'भारत र पाकिस्तानबीच अहिले काश्मीरका विषयलाई लिएर जुन प्रकारको तिक्तता उत्पन्न भएको छ, त्यसलाई दुवैले आत्मसंयम भएर वार्ता र छलफलका माध्यमबाट टुंगो लगाउनुपर्छ', उनले भने, 'अहिले भारतले अंग्रेजकालको उपनिवेशवाद र नेहरूकालको प्रभुत्ववादबाट मुक्त भएर सबैको सार्वभौमिकतालाई सम्मान गर्दै अघि बढ्न सक्नुपर्छ।' यसभित्र अहिलेको भारत र पाकिस्तानबीचको संघर्षको प्रतिबिम्ब लुकेको छ। भारत र पाकिस्तानबीच अहिले जुनप्रकारको तनाव सिर्जना भएको छ, यसको समाधान सैनिक शक्तिबाट हुन्छ कि हुँदैन भनेर गम्भीर आत्मसमीक्षा गर्न जरुरी छ। त्यसमा पनि सार्क राष्ट्रभित्र उत्पन्न यसप्रकारको परिस्थितिको सार्क राष्ट्रभित्र छलफल हुने कि नहुने भन्ने प्रश्न पनि उत्तिकै जटिल छ। भारतले नै सबैभन्दा पहिले काश्मीरको मुद्दालाई राष्ट्रसंघसम्म पुर्‍याएको हो। तर, त्यही राष्ट्रसंघले जनमतसंग्रहबाट काश्मीर समस्याको समाधान गर्नुपर्दछ भनेर गरेको निर्णयलाई न भारतले मानेको छ न त राष्ट्रसंघले नै आफ्नो निर्णय कार्यान्वयन गर्न तदारुकता देखाएको छ। बरु कस्मिरलाई प्रदान गरिएको विशेष अधिकार खोसेर मोदी सरकारले कस्मिरलाई केन्द्र मातहतमा राखेको छ। कस्मिरलाई जोड्ने धारा ३७० हटाएर भारतले कस्मिरलाई आफ्नो भूभागमा विलय गराएको छ। धारा ३७० को खारेजीपछि वास्तवमा कस्मिर स्वतन्त्र भएको छ। किनकि यही धाराले कस्मिरलाई भारतसँग जोडेको थियो। अहिले कस्मिरमा व्यापक मात्रामा सैन्य परिचालन गरेर त्यहाँका जनताको सम्पूर्ण अधिकारमाथि पावन्दी लगाइएको छ। पाकिस्तानले यसको खुलेर विरोध गरेको छ। यतिमात्र होइन, कस्मिर मुद्दालाई पाकिस्तानले राष्ट्र संघीय सुरक्षा परिषद्मा समेत पुर्‍याएको छ। यसले भारत र पाकिस्तानबीचको तनावलाई अझ बढाएको छ। भारतले पाकिस्तान अधिनस्थ आजाद कस्मिरलाई समेत आफ्नो नयाँ राजनीतिक र प्रशासनिक नक्सामा सामेल गरेपछि पाकिस्तानले पनि भारतले कब्जा गरेको श्रीनगर राजधानी रहेको कस्मिर भूभागलाई समेट्दै आफ्नो नयाँ नक्सा जारी गरेको छ। यसले भारत पाकिस्तान आमनेसामनेको अवस्थामा देखिएका छन्।

संसारकै सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुक भारतलाई काश्मीरमा लोकतन्त्रको अभ्यास गर्न के मुस्किल छ? यसको उत्तर भारतबाट पाइँदैन। यसले भारत र पाकिस्तानको सम्बन्ध यतिसम्म बिगारेको छ कि दुई देश एकअर्कालाई जुनसुकै समयमा पनि प्रहार गर्न तयारी गरिरहेका छन्। भारत र पाकिस्तानको तयारीले जुनसुकै बेला पनि यस क्षेत्रमा युद्ध निम्तिने खतरा उत्पन्न भएको छ। दक्षिण एसियाली क्षेत्रका दुई आणविक शक्ति सम्पन्न मुलुक भारत र पाकिस्तानबीच युद्धको अवस्था सिर्जना भएको त्यसले सिंगो सार्क क्षेत्रलाई नै प्रभावित बनाउनेछ।

सार्कका शीर्ष नेताहरूको सहभागिता रहने सार्क शिखर सम्मेलन रोकिएको यो पहिलो अवसर होइन। यसअघि भारत र पाकिस्तानको द्वन्द्वकै कारण सन् २००२ मा चार वर्ष रोकिएर काठमाडौंमा एघारौं शिखर सम्मेलन भएको थियो। त्यसअघि र पछि पनि भारत र पाकिस्तानबीच पटकपटक भइरहने द्वन्द्व र शीतयुद्धका कारण सार्क प्रभावकारी बन्नै सकेन। स्थापनाको ३५ वर्ष पुग्न लाग्दा पनि यसले प्रभावकारी भूमिका खेल्न नसक्नुको मुख्य कारण सार्क राष्ट्रबीचको तनाव, योजना कार्यान्वयनमा दृढताको कमी र सार्कलाई गतिशील बनाउने स्पष्ट दृष्टिकोणको अभाव हो। सार्कको सिद्धान्तमा संगठनको ढाँचाभित्र गरिने सहयोग एकअर्काको सार्वभौम समानता, क्षेत्रीय अखण्डता, राजनीतिक स्वतन्त्रता, एकअर्काको आन्तरिक मामिलामा अहस्तक्षेप तथा आपसी हितमा आधारित हुने, यस्तो सहयोग दुईपक्षीय तथा बहुपक्षीय सहयोगको बदलामा नभई त्यसको पूरकको रूपमा हुने, दुईपक्षीय तथा बहुपक्षीय दायित्वविपरीत र खराब नियतिका लागि नहुने स्पष्ट उल्लेख गरिएको छ। तर, सार्क राष्ट्रका सबै सदस्य राष्ट्रले यसलाई अंगीकार गर्न सकेका छैनन्। यसले सार्कको गतिविधिमा संकुचन र रोकावट खडा गरेको छ।

सार्कको बडापत्रमा नै यसका उद्देश्यलाई किटान गरिएको छ। जसअनुसार, यस क्षेत्रको आर्थिक वृद्धि, समाजिक प्रगति तथा सांस्कृतिक विकासमा तीव्रता ल्याउनु र सबै मानिसलाई स्वाभिमानसाथ रहने र उनीहरूलाई आफ्नो पूर्ण क्षमताको महसुस गराउने अवसर प्रदान गर्नु, दक्षिण एसियालीका देशहरूबीच सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र सुदृढ गर्नु, आपसी विश्वास, एकअर्काका समस्याहरूप्रति समझदारी बढाउनु, आर्थिक, सांस्कृतिक, प्राविधिक, समाजिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहयोग र आपसी सहायता प्रवर्द्धन गर्नु, अन्य विकासोन्मुख देशहरूसँगको सहयोगलाई मजबुत तुल्याउनु, समान लक्ष्य र उद्देश्य भएका अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय संठनहरूलाई सहयोग पुर्‍याउनु, यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक उन्नति तथा सांस्कृतिक विकासलाई अभिवृद्धि गर्ने, दक्षिण एसियाका राष्ट्रहरूबीचको सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र समृद्धि गर्ने, एकआपसको समस्याप्रति पारस्परिक विश्वास र समझदारी राख्दै योगदान दिने र आर्थिक, समाजिक, सांस्कृतिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रमा सक्रिय सहभागिता र पारस्परिक सहयोगको अभिवृद्धि गर्ने रहेका छन्। तर, व्यावहारिकतामा त्यस्तो देखिँदैन, अहिले भारत र पाकिस्तानबीचको शक्ति संघर्षले सार्कलाई छायामा पारेको छ। यो सार्कको उद्देश्यको ठीक विपरीत हो।

यसैगरी, सार्क राष्ट्रबीचको आपसी विश्वासमा समेत कमी देखिन्छ। खासगरी भारत र पाकिस्तान, अफगानिस्तान र पाकिस्तानबीच यस वर्ष अन्तर्राष्ट्रियस्तरको ध्यान आकृष्ट हुने गरी संघर्ष भए। पाकिस्तान र अफगानिस्तानबीच सीमा विवादका कारण लामो समयसम्म सीमा नै बन्द रहने अवस्था सिर्जना भयो। अहिले काश्मीरको विषयलाई लिएर दुई देशबीच द्वन्द्वको अवस्था सिर्जना भएको छ। भारतले नेपालमाथि लगाएको अमानवीय नाकाबन्दी आदिले सार्कको उद्देश्य एकातिर र व्यवहार अर्कोतिर रहँदै आएको छ। यसमा आवश्यक सामञ्जस्यता कायम नगरेसम्म सार्कको प्रभावकारिता रहनेमा आशंका गर्ने ठाउँ प्रशस्तै छन्। विगत तीन दशक लामो सार्कको इतिहास हेर्ने हो भने पनि महत्वपूर्ण एजेन्डामा समेत मौन रहँदै आएको छ।

सार्क सिंगो दक्षिण एसियाली राष्ट्रहरूको मञ्च हो। तर, अहिलेसम्म कुनै बैठकका लागि पनि भारत र पाकिस्तानको मुख ताक्नुपर्ने अवस्था सिर्जना हुँदै आएको छ। सामूहिक भावनाको विकासको जुन अवधाराणाले सार्क स्थापना भएको हो त्यसको ठीक विपरीत भारत र पाकिस्तानले सार्कलाई एकअर्कालाई घुँडा टेकाउने अस्त्रका रुपमा प्रयोग गर्दै आए र यसको दर्शक बनेका छन्, अन्य ६ वटा राष्ट्र। हामीले माथि नै उल्लेख गरिसकेका छौं कि सार्क भारत र पाकिस्तानको द्वन्द्वको छायामा पर्दै आएको छ। नेपालीमा एउटा उखान छ 'दुईवटा हात्तीले माया गरे पनि लडाइँ गरे पनि माडिने आखिर फूलबारी हो।' अहिले भारत र पाकिस्तानबीच जुन प्रकारको संघर्ष चलेको छ। त्यसको प्रत्यक्ष मारमा परेको छ, सार्क। अहिले पनि भारतले सार्क सम्मेलनलाई पाकिस्तानमाथि घुँडा टेकाउने अस्त्रका रुपमा प्रयोग गर्न खोज्यो। किनकि उसलाई आफू सहभागी नभएमा सार्क शिखर सम्मेलन नहुने र स्थान सार्न सकियो भने पनि पाकिस्तानलाई सार्क सम्मेलन गर्ने अवसरबाट वञ्चित गर्न भारत सफल हुनेछ।

भारत र पाकिस्तानबीचको भारत र पाकिस्तानबीचको द्वन्द्वकै कारण विगतमा पनि सार्क शिखर सम्मेलन र बैठकस्थल परिवर्तन भएका छन्। यहाँनेर मुख्य कुरा भनेको भारत र पाकिस्तानबीचको द्वन्द्वको अन्त्य र सार्कको निरन्तरता मुख्य विषय हुन्। अहिले भारतले ब्रिक्सलाई प्राथमिकतामा राख्ने र सार्कलाई पछि धकेल्ने जुन कोसिस गरेको छ, त्यसमा अध्यक्ष राष्ट्र भएका नाताले नेपालको भूमिका महत्वपूर्ण हुन सक्छ। नेपालले सार्क शिखर सम्मेलन गराउन वा स्थान परिवर्तन गर्न आफैंले कुनै निर्णय गर्न नसके पनि कूटनीतिक पहल र अन्य देशसँगको संवादलाई तीव्र बनाउन सक्छ। सार्कलाई प्रभावकारी बनाउनका लागि नेपालले संयमतापूर्वक परिपक्व कूटनीतिक प्रयासबाट समस्या समाधानका लागि पहल गर्न जरुरी छ।

(एजेन्सीहरूको सहयोगमा)

प्रेरक

## समस्यासित जुध



एकपटक नरेन्द्र नामका एक बालक वनारसको दुर्गा मन्दिरबाट निस्किरहेका थिए। माता दुर्गाको दर्शनपछि शान्त मनले बाहिर निस्किँदै गरेका ती बालकलाई अचानक बाँदरको समूहले घे(यो। बालकको हातमा प्रसाद थियो। बाँदर उनको हातबाट प्रसाद खोस्न चाहन्थे।

बाँदरको समूह आफूतिर आउँदै गरेको देखेपछि बालक निकै डराए। उनी आत्तिएर थरथर काम्न थाले। उनी बाँदरबाट आफूलाई बचाउने उपायबारे सोच्न थाले। तर, कुनै उपाय नदेखेपछि उनी बाँदरलाई छलेर भाग्न थाले। तर, ती बाँदरले उनलाई पछ्याउन छाडेनन्। उनी बाँदरको डरले दायाँबायाँ कतै नहेरी दौडिए।

यो सबै दृश्य नजिकै रहेका एक वृद्ध सन्न्यासीले देखिरहेका थिए। उनले बालकलाई सम्बोधन गर्दै भने- ए बालक, तिमी बाँदरबाट डराएर कता भाग्दै छौ ? डराउन छाड र निडर भई बाँदरको सामना गर। यसरी डराएर भाग्दैमा समस्याको समाधान निस्किँदैन। समस्याको त सामना गर्नुपर्छ। त्यसैले तिमी पनि समस्यबाट नभाग, फर्किएर सामना गर। वृद्ध सन्न्यासीको आजाज सुनेपछि ज्यान बचाउन भागिरहेका बालक अचानक रोकिएर बाँदरतिर फर्किए अनि बिस्तारै पाइला अघि बढाए।

बालक नरेन्द्र रोकिएपछि अचम्मै भयो। एकाएक उनी रोकिएपछि उनलाई झम्टिँदै पछि लागिरहेका बाँदर पनि रोकिए। एकैछिन नरेन्द्रलाई हेरेर ती बाँदर आफ्नो बाटो लागे। बाँदर बाटो लागेपछि बालक दंग परे। ती बालक पछि गएर स्वामी विवेकानन्दका रूपमा विख्यात भए। उनलाई समस्यासित जुध्न र समस्याबाट नभाग्न प्रेरित गर्ने संन्यासी थिए, उनकै गुरु स्वामी रामकृष्ण परमहंस।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा राम्रै फड्को मार्ने समय छ। छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ। रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ होला। साझेदारीबाट पनि फाइदा उठाउन सकिनेछ।

### वृष

प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। सामाजिक कार्यले हौसला प्रदान गर्नेछ। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। काम अड्किए पनि लाभांश प्राप्त भइरहनेछ। विशिष्ट व्यक्तिको सहयोग जुट्नाले महत्त्वाकांक्षी काम बन्न सक्छ। समाजमा तारिफयोग्य काम गर्न सकिनेछ। घर-परिवारमा भने केही असमझदारी देखापर्ने समय छ।

### मिथुन

मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ। विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ। टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। भाग्यले विभिन्न अवसर थमाउनेछ। अध्यात्मभाव जागृत हुनाले परोपकारमा मन जानेछ। धेरैले कामको तारिफ गर्नेछन्। शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

### कर्कट

परिबन्धले समस्या निम्त्याउन सक्छ। गोपनीयता बाहिरिनाले समस्या पर्नेछ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला। चुनौतीभित्र अवसर खोज्ने समय छ। जटिल काममा पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। मिहिनेत गर्दा अप्ठ्यारो परिस्थितिमा पनि केही काम बन्नेछन्। आयस्रोत कमजोर बन्नेछ भने फजुल खर्च पनि बढ्न सक्छ।

### सिंह

मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। कामको चापबाट फुर्सद पाइनेछ। व्यवसायले मनग्गे आम्दानी दिलाउनेछ। विभिन्न सहयोग र उपहार हातलागी हुनेछ। परिवारजनको साथले नयाँ आशा जगाउनेछ। रमाइलो यात्रा गर्ने साइत जुर्नेछ। अतिथिका रूपमा मानसम्मान प्राप्त होला। टाढिएका साथीभाइसँग भेटघाट हुनेछ।

### कन्या

अरूको विश्वास गर्दा सुरुमा काम रोकिन सक्छ। पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला। गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ। विशेष उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। मिहिनेतले लाभ उठाउन सकिनेछ।

### तुला

शुभचिन्तकहरूको साथ प्राप्त हुनाले काममा उत्साह जाग्नेछ। सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। पढाइको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। अभिव्यक्ति र लेखन कलामा पनि निखारता आउनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। व्यापार, पशुपालन र कृषि क्षेत्रबाट राम्रो लाभ हुनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ।

### वृश्चिक

हल्लाको विश्वास गर्दा काम बिग्रन सक्छ। आज अरूलाई दिने नभई भित्र्याउने समय छ। दिएको धनमाल पछि आफैंलाई आवश्यक पर्न सक्छ। पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ। परिस्थितिअनुसार निर्णय लिन नसक्दा काममा पछि परिनेछ। अरूको व्यवहारले शंका उब्जाए पनि प्रियजनको सुझाव शिरोधार्य गर्दा अवश्यै लाभ हुनेछ।

### धनु

सहयोगीहरूसँग केही असमझदारी बढ्नेछ। आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्। तापनि प्रतिस्पर्धीहरू पछि पर्नेछन्। मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम गर्दै धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ। व्यापारमा सामान्य फाइदा उठाउन सकिनेछ।

### मकर

मिहिनेतले मानसम्मान दिलाउनेछ। अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ। बोली र विचारका प्रशंसकहरू बढ्नेछन्। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ। सहयोगीहरूले साथ दिनेछन्। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। मिहिनेतले नाम, दाम र इनाम हातपार्न सफल भइनेछ।

### कुम्भ

कामना पूर्ण हुनेछ र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। नयाँ कामतर्फ विशेष अवसर प्राप्त हुनेछ। पहिलेको सफलताले पनि हौसला जगाउनेछ। व्यापारमा फाइदा हुनेछ। प्रेम र मित्रताको बन्धन पनि कसिनेछ। परम्परालाई समयसापेक्ष सुधार गर्न सफल भइनेछ।

### मीन

भैपरी आउने खर्च बढ्नाले अर्थ अभावको स्थिति रहनेछ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। व्यवसायमा लगानी बढाउनुपरे पनि कर्जामार्फत धन जुटाउन सकिनेछ। केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ। आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ। दिगो काम प्रारम्भ गर्न समयले साथ दिनेछ। परोपकारी काम सम्पादन गर्न सकिनेछ।

# समाचार संक्षेप

## ठक्करबाट चालकको मृत्यु

मकवानपुर। हेटौंडा उपमहानगरपालिका १५ चुरियामाईमा ना.५ ख ४१६४ नम्बरको ट्रकले ना.३ त ६९३१ नम्बरको ट्याक्टरलाई सोमबार बिहान ठक्कर दिंदा ट्याक्टर चालक बारा परवानीपुर गाउँपालिका १ बस्ने २२ वर्षीय लालबाबु यादवको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

## चालकको मृत्यु

प्युठान । माण्डवी गाउँपालिका १ डाम्री खोलास्थित सडक निर्माण गर्ने क्रममा पहिरो जाँदा जेसिवी चालक अर्घाखाँची शितगंगा नगरपालिका ८ बस्ने ४० वर्षीय नरसिंह बुढामगरको पहिरोमा पुरिएर सोमबार बिहान घटनास्थलमै मृत्यु भएको छ।

## करेन्ट लागेर मृत्यु

काठमाडौं। ललितपुर, ललितपुर महानगरपालिका २३ धापाखेल डाउनटाउन बस्ने बारा देवताल गाउँपालिका घर भएका ४० वर्षीय नगेन्द्र महतोको करेन्ट लागेर सोमबार बिहान मृत्यु भएको छ। सोही ठाउँ बस्ने मान बहादुर केसीको घरको बाहिरपट्टी टायल राख्ने क्रममा बाँधेको खटको बाँसले हाईटेन्सन लाइनमा छुँदा करेन्ट लागेर गम्भीर घाइते भएका उनको उपचारको लागि सुमेरु अस्पताल धापाखेलतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। प्युठान, स्वर्गद्वारी नगरपालिका ३ उपल्लो भिंगृ बस्ने १६ वर्षीया श्रेया नेपालीको करेन्ट लागेर सोमबार बिहान मृत्यु भएको छ।

## बाघको आक्रमणबाट मृत्यु

चितवन। खैरहनी नगरपालिका १३ स्थित कुमरोज मध्यवर्ती सामुदायिक वनमा रत्ननगर नगरपालिका ६ बछौली बस्ने ६० वर्षीय बबना चौधरीको बाघको आक्रमबाट सोमबार बिहान मृत्यु भएको छ। घाँस काट्न गएकी उनलाई बाघले आक्रमण गरी जंगलतर्फ लगेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय खैरहनीबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा घटनास्थलदेखि करिब ५ सय मिटर टाढा घाँसे मैदानमा उनको शव फेला पारेको हो।

## मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं महानगरपालिका १३ कालीमाटी डेरा गरी बस्ने रोल्पा माडी गाउँपालिका १ घर भएका ३९ वर्षीय टेक बहादुर खत्री आफ्नै कोठामा सोमबार मृत अवस्थामा फेला परेका छन्।

## डुबेर मृत्यु

बारा। विश्रामपुर गाउँपालिका ३ बस्ने उमेश पण्डितको १० वर्षीय छोरा कुन्दन पंडितको सोमबार दिउँसो नदीमा डुबेर मृत्यु भएको छ। सोही गाउँपालिका ४ खुदिया टोलस्थित नदीमा पौडी खेल्ने क्रममा डुबेर अशक्त भएका उनको नेशनल मेडिकल कलेज वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो।

## दुर्घटनामा तीन जनाको मृत्यु

बारा। जितपुर सिमरा उपमहानगरपालिका १ स्थित सडकमा ना.४ ख ७२४२ नम्बरको बसले पथलैयाबाट निजगढतर्फ जाँदै गरेको प्रदेश २-०३-००४ प ४४४२ नम्बरको स्कुटरलाई आइतबार दिउँसो ठक्कर दिँदा स्कुटर सवार एकै परिवारका ३ जनाको घटनास्थलमै मृत्यु भएको छ। मृत्यु हुनेहरूमा स्कुटर चालक निजगढ नगरपालिका १० लाल बस्ने २६ वर्षीय तिर्थ मान स्याङ्तान, उनकी श्रीमती २३ वर्षीया ज्योती स्यङ्तान र उनका करिब १ वर्षीय छोरा रहेका छन्।

## खोलामा डुबेर मृत्यु

सर्लाही। हरिवन नगरपालिका ३ मोहनपुर बस्ने ८६ वर्षीय पदम बहादुर परियारको सोही ठाउँस्थित लखनदेही खोलामा डुबेर शनिबार बिहान मृत्यु भएको छ।

## पहिरोमा एकको मृत्यु

नवलपरासी। बिनयी त्रिवेणी गाउँपालिका २ बिश्वकर्मा मन्दिरस्थित सडकमा बर्षाको कारण पहिरो जाँदा ना.५ ख ७९४० नम्बरको बस सडकबाट करिब ३० मिटर तल खस्दा बसमा सवार रुकुम पश्चिम आठबिसकोट गाउँपालिका १० बस्ने २५ वर्षीय हरिषचन्द्र केसीको मृत्यु भएको छ।

## सवारी दुर्घटनामा परी मृत्यु

धादिङ। सिद्धलेक गाउँपालिका(६ पिसटारस्थित सडकमा बा.१ज १२६१ नम्बरको ट्याक्सी सडकबाट करिब ४० मिटर तल खोलामा खसेर बिहीबार राति दुर्घटना हुँदा खन्याबास गाउँपालिका ४ बस्ने ४५ वर्षीया विष्णुमाया तामाङको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका ३ जनालाई उपचारका लागि राजमार्ग अस्पताल मलेखु पठाइएको छ भने ट्याक्सी चालकलाई थप उपचारका लागि शिक्षण अस्पताल महाराजगंज काठमाडौं पठाइएको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। पाँचथर, याङवरक गाउँपालिका ५ चिन्डेखोलास्थित खोलामा हाल नाम, थर, वतन नखुलेका करिब ४५ वर्षीय पुरुष बिहीबार मृत अवस्थामा फेला परेका छन्।

तनहुँ, शुक्लागण्डकी नगरपालिका ७ कुम्लेखोला बस्ने ६२ वर्षीया तेज कुमारी ढकाल आफ्नै घरको सुत्ने कोठामा शुक्रबार मृत अवस्थामा फेला परेका छन्। भक्तपुर, सूर्यविनायक नगरपालिका ८ सिपाडोल बागमती क्लब नजिक डेरा गरी बस्ने मकवानपुर घर बताउने ५५ वर्षीय आनन्द तिमिल्सिना आफ्नै कोठामा शुक्रबार मृत अवस्थामा फेला परेका छन्।

## खोलामा डुबेर मृत्यु

कैलाली । लम्कीचुहा नगरपालिका ९ बंगालीपुर बस्ने सुरेश विकका ९ वर्षीय छोरा आयुष विकको खोलामा डुबेर बिहीबार दिउँसो मृत्यु भएको छ। घरनजिकै रहेको दोभिल्ला चरेला खोलामा नुहाउने क्रममा डुबेर उनको मृत्यु भएको हो।

## करेन्ट लागेर मृत्यु

धनकुटा । चौबिसे गाउँपालिका ३ बस्ने ५६ वर्षीय भक्त बहादुर दर्जीको करेन्ट लागेर बिहीबार बिहान मृत्यु भएको छ। सोही गाउँपालिका २ स्थित श्री जंग सामुदायिक वनमा ढलेको बिद्युतको पोल हटाउने क्रममा करेन्ट लाग्दा उनको घटनास्थलमै मृत्यु भएको हो।

## करेन्ट लागेर मृत्यु

रुपन्देही। शुद्धोधन गाउँपालिका ३ दोगाना बस्ने ४० वर्षीय तारा सिंह थारुको करेन्ट लागेर आइतबार मृत्यु भएको छ। सोही गाउँपालिका ४ फर्साटिकर बस्ने राधा आचार्यको निर्माणधिन घरमा प्लास्टरको काम गर्ने क्रममा नाङगो तारमा छुन गई करेन्ट लागेर गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो।

## डुबेर मृत्यु

काठमाडौं। बर्दिया, बढैयाताल गाउँपालिका ५ जगतिया बस्ने पञ्चराम थारुकी १३ वर्षीया छोरी गरिमा थारुको घर नजिकैको माछा पोखरीमा पौडी खेल्ने क्रममा डुबेर आइतबार मृत्यु भएको छ। उदयपुर, रौतामाई गाउँपालिका २ स्थित रसुवा खोलामा डुबेर सोही गाउँपालिका ८ जरङगे बस्ने ५५ वर्षीया मैया लुङगेली मगरको आइतबार मृत्यु भएको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। पाल्पा, तिनाउ गाउँपालिका १ झिङ्गामारास्थित जंगलमा रुपन्देही सैनामैना नगरपालिका ४ बस्ने ५७ वर्षीय कृष्ण बहादुर थापा आइतबार मृत अवस्थामा फेला परेका छन्। अछाम, चौपाटी गाउँपालिका १ बस्ने ४८ वर्षीया जमुना सोही ठाउँस्थित चिरकिट्टेमा आइतबार मृत अवस्थामा फेला परेकी छन्।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Wane = सानो हुँदै जानु When lit a candle wanes (बल्दै जाँदा महिन झन्झन् सानो हुँदै जान्छ)

Ameliorate = सुधार्नु, झन् राम्रो बनाउनु Social workers always attempt to ameliorate the condition of the backward people सामाजिक कार्यकर्ताहरू सधैं पिछडिएको जातिको स्थिति सुधार्ने प्रयास गर्दछन्।

Bungle = राम्रो वा व्यवस्थित रुपले गर्न नसक्नु He was fired because he bungled the assignment (जिम्मा दिएको काम राम्रोसँग गर्न नसक्दा उसलाई कामबाट निकालियो)

Complaisant = खुसी पार्ने प्रवृत्ति She is very happy because she got a complaisant husband (भनेको मान्ने लोग्ने पाएकोमा तिनी ज्यादै खुसी छिन्)

Dirge = दुःख पर्दा बज्ने संगीत Radio broadcasts the dirge on the sad demise of the head of the state (राज्य प्रमुखको मृत्युमा रेडियो शोकपूर्ण संगीत बजाउँछ)

Esoteric = बुझ्न गाह्रो क्लिष्ट For esoteric poems he is very famous (क्लिष्ट कविताको लागि ऊ ज्यादै प्रख्यात छ)

Futile = व्यर्थको He made many attempts to solve the problem but all of them turned futile (समस्या समाधान गर्न उसले धेरै प्रयास गर्‍यो तर सबै व्यर्थ भए)

Grovel = घुँडा टेक्नु Although he was defeated, he did not grovel (हारे तापनि उसले घुँडा टेकेन)

Husband = फारो गर्नु जतन गरी प्रयोग गर्नु Marathon runners must husband their energy otherwise they can not keep running for entire distance (म्याराथुन धावकहरूले पुरै शक्तिको प्रयोग नगरी विस्तार विस्तार दौडनु पर्दछ अन्यथा पुरै दूरी पार गर्न सक्दैनन्)

Inadvertently = थाहै नपाईकन She was afraid theat she might make many mistakes inadvertently (थाहै नपाईकन धेरै त्रुटि गरेकी भनेर तिनी डराइन्)

# Turn बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Turn on = मा घुम्नु The earth turns on its axis once every 24 hours (पृथ्वी आफ्नो कक्षमा हरेक २४ घण्टामा एकपटक घुमिसक्छ)

Turn on = लगाउनु She turned her dog on us (तिनले हामीलाई कुकुर लगाइदिइन्)

Turn to = तिर मोड्नु She turned suddenly to left to avoid the accident दुर्घटनाबाट जोगिन तिनले एक्कासी देब्रेतिर मोडिन्।

Turn to = मुन्टो बटार्नु She turned to look at me मतिर हेर्नको लागि तिनले मुन्टो बटारिन्।

Turn over = ओल्टनुपल्टनु To get sleep one has to turn over निदाउनका लागि ओल्टिनपल्टिन पर्छ)।

Turn toward = लगाउनु She turned her eyes towards me तिनले मतिर आँखा लगाइन्।

Turn down = पल्टाउनु He turned the blankets down and climbed into the bed ऊ सिरक पल्टाएर ओछ्यानमा लम्पसार पर्‍यो।

Turn up = ठड्याउनु Turn the collar of your rain coat up before hurrying out into the rain वर्षामा हतपत गरेर बाहिर निस्कनुअघि रेनकोटको कल्लर ठड्याऊ।

Turn round = घुम्नु He does not worship but just turns round the temple ऊ पूजा गर्दैन, मन्दिर घुम्छ मात्रै।

Turn color = रंग बदल्नु The leaves turn yellow in winter हिउँदमा पातहरू पहेंलो रंगमा बदलिन्छन्।

## सुडोकु-अंक १९९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | | | |
| | | १ | | ७ | | ३ | | ८ |
| | | ७ | ८ | ९ | | | | ५ |
| ८ | | | | | | | | |
| ३ | ९ | ५ | | | | ७ | ४ | १ |
| | | | | | | | | ६ |
| ५ | | | | १ | ७ | ८ | | |
| ४ | | २ | | ५ | | ९ | | |
| | | | ६ | | | | | |

## अंक १९८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | १ | ८ | ७ | ६ | ३ | ५ | २ | ४ |
| ५ | ४ | ३ | १ | ८ | २ | ९ | ७ | ६ |
| ७ | २ | ६ | ५ | ४ | ९ | ३ | १ | ८ |
| ४ | ३ | ५ | ६ | २ | ७ | ८ | ९ | १ |
| १ | ६ | ९ | ८ | ३ | ५ | ७ | ४ | २ |
| २ | ८ | ७ | ४ | ९ | १ | ६ | ५ | ३ |
| ६ | ९ | २ | ३ | ५ | ४ | १ | ८ | ७ |
| ८ | ७ | ४ | ९ | १ | ६ | २ | ३ | ५ |
| ३ | ५ | १ | २ | ७ | ८ | ४ | ६ | ९ |

# Invincibility of Korean-Style Socialism



Amid the sanctions imposed by the hostile forces on the Democratic People's Republic of Korea gaining momentum, the country is reporting one successful event after another in its efforts to strengthen itsdefence capacity and build its-economy.

What has made the small country so invincible?

First of all, the people have been guided by great leaders.

The territory, population and economic power are not all that determines the strength and weakness of a country.

Korea was subjected to military occupation and colonial rule for 40 years by imperialist Japan; it had to fight a war (1950-1953) against the imperialist aggression. Since then it has had to experience all manner of trials and difficulties for decades owing to the constant threat of war and moves by the hostile forces to stifle it. However, under the leadership of their successive leaders, the Korean people have built and defended the socialism and built theirs into a country that no force dare attack.

Kim Jong Un, chairman of the State Affairs Commission of the DPRK, who is carrying forward the cause of his predecessors, President Kim Il Sung and General Kim Jong Il, has come under the political limelight of the world as the most distinguished political leader of the modern era.

Kim Jong Un is a matchless master of ideology and theory, an attractive politician possessed of a high level of people-oriented art of leadership, a versatile statesman, a man who implements without fail and on the highest level what he has planned to do, a brilliant commander possessed of unexcelled courage and mettle and resolute and adroit temperament, and the supreme defender of the prestige of his nation–this is part of the comment by mass media of the world.

The history and reality of the DPRK testify to the fact that if the leader of a country is great, the country, though small, can become powerful.

Second, the Korean people have achieved single-hearted unity with their leader.

United single-heartedly around their Supreme Leader Kim Jong Un, they are demonstrating the prestige of their country with unprecedented strength and miraculous events.

The basis of the single-hearted unity of the leader, the ruling Workers' Party of Korea and the masses, which serves as the source of viability of the Korean-style socialism, has been the affection of the people cherished by the leaders of the country.

Socialism of the Korean style, which embodies the idea of "The people are my God" cherished by the President Kim Il Sung and General Kim Jong Il, is now being consolidated and developing thanks to the politics of loving the people administered by Supreme Leader Kim Jong Un.

The might of the single-hearted unity of the Korean people, who defend and support the ideology and leadership of their leader, symbolic of the sovereignty and prestige of their country and the safety and destiny of their nation, and turn out to accomplish his intentions with one mind, constitutes the motive force that assures the invincibility of the DPRK.

Third, the Korean people regard the socialism as valuable as their life itself.

In the late 1990s socialism collapsed in several countries, but the DPRK defended and developed it. This is attributable to the fact that Korean-style socialism is people-centered.

Carrying forward the cause of his predecessors, Kim Jong Un is always concerned with the wellbeing of his people. Mingling with them, he listens carefully to what they have to say, and ensures that their thoughts and demands are reflected in the policies of the Party and state. And it is his iron rule to give top and absolute priority to people's interests and convenience.

It is quite natural that the Korean people regard socialism as valuable as their life itself.

Fourth, the propellant of their advance is self-reliance.

The history of the Korean revolution is the one pioneered and advanced on the strength of self-reliance. Propelled by the spirit of self-reliance, the Korean people achieved the liberation of their country, emerged victorious in postwar reconstruction and realized socialist industrialization, thus building theirs into a socialist country equipped with solid foundations of an independent economy and strong self-defence capabilities.

In the face of extreme moves for sanctions by the hostile forces, this country is achieving remarkable successes one after anotherin economic construction and improving the people's standard of living, this is a demonstration of its capabilities for self-development.By displaying the spirit of self-reliance, the Korean people are achieving innovative and miraculous successes in developing science and technology and building the economy,thus thwarting the enemy's moves for sanctions.

Western mass media including Reuters and *Independent* of Britain reported: Even though north Korea is under harsh sanctions, its economy is developing; particularly, the highest growth rateof its economy is striking the world with admiration.

# गोदावारीमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माणाधीन

ललितपुर । गोदावरीमा निर्माणाधीन तीन हजार क्षमताको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको काम ७० प्रतिशत सम्पन्न भएको छ । शहरी विकास मन्त्रालय मातहतको शहरी विकास तथा भवन निर्माण विभागले गोदावरी नगरपालिका-३ मा उक्त केन्द्र निर्माण गरिरहेको छ । विभाग र केसी-समानान्तर जेभीबीच विसं २०७६ कात्तिक २० गते सम्झौता भएर भोलिपल्ट २१ गतेबाट भवन निर्माणका लागि खाडल खन्न शुरु गरिएको जेभीका परियोजना प्रबन्धक महेश भट्टले बताए ।

उनले भने, 'गत वर्षको चैत महिनाभित्र यस भवन निर्माण सम्पन्न गर्ने सम्झौता भएको थियो । दुई महिना साइटमा भएका रुख काट्न समय लागेको र बेलाबेलामा पानी परेर बिहान अनि बेलुका दुई समय काम गर्ने भनिएकामा मौसमले पनि साथ नदिएका कारण तोकिएको समयभित्र सम्पन्न गर्न सकेनौँ ।'

विश्वव्यापीरूपमा फैलिरहेको कोभिड महामारीका कारण गत वर्षको चैतदेखि असार मासान्तसम्म काम गर्न नपाएको र विगतमा २०० कामदारले काम गरेको सो स्थानमा हाल केवल ८० जना मात्र खटिएका भट्टले जानकारी गराए । 'केन्द्रको भवन निर्माणको काम हालसम्म ७० प्रतिशत सम्पन्न भयो बाँकी रहेको ३० प्रतिशत काममा सीमा पर्खाल, प्लास्टर, रङरोगन, एसी र आवश्यक सामान फिट गर्नु नै छ', उनले थपे, 'सरकारले महामारीका कारण केन्द्र निर्माणमा छ महिनाको समय थप गरेर आउँदो कात्तिकसम्म सम्पूर्ण काम गरिसक्नुपर्ने भनिए पनि माघको अन्तिमसम्ममा मात्र काम सक्ने भएका छौं ।'



केन्द्रको भवन निर्माण गर्न शुरु गरेको त्यस समयमा आकाशे पानीले मुख्य समस्या पारेर कयौँ दिनसम्म हिँड्न र सवारी साधनमा सामान ढुवानी गर्नसमेत असहज भएको विभागका निर्माण आयोजना समन्वय कार्यालयका साइट इञ्जीनियर विकास खनालले बताए। उनले भने, 'केन्द्रमा जडान गर्न आवश्यक कुर्चीमध्ये केवल एक हजार ८२५ आइपुग्यो भने अन्य सीमा नाकामा रोकिएर यहाँ आइपुग्न बाँकी नै रहेको छ ।' केन्द्रमा विभिन्न सामान जडान र एसी हाल्न भारतबाट दक्ष जनशक्ति मगाउनुपर्ने हुँदा काममा ढिलाइ भइरहेको खनालले दुःख व्यक्त गरे ।

'पच्चीस रोपनी क्षेत्रफल ६० हजार वर्गफिटमा फैलिएको केन्द्रमा तीन तलाको भवन र एक तलामाथि बीम बस्ने भएको छ । यसमा एक मुख्य भवन त्यसभित्रको 'ए' ब्लकमा शौचालय, पाहुनाकक्ष र विशिष्ट व्यक्ति बस्ने ठाउँ, 'बी' ब्लकमा तीन हजार क्षमताको कक्ष र 'सी' ब्लकमा सानो बैठककक्षका साथै हल पनि रहने छ', उनले भने ।

मुलुकमा लामो समय बन्दाबन्दी नभएको भए केन्द्र निर्माणको काम हालसम्म ८० प्रतिशत सम्पन्न भइसक्ने जेभी साइटका प्रमुख इञ्जीनियर राकेश यादवले बताए । उनले भने, 'आउँदो दशैंअघि भवनको सम्पूर्ण संरचना निर्माण सम्पन्न गर्ने लक्ष्य लिएका छौं ।' केन्द्रमा अब फिनिसिङको काम धमाधम अघि बढाइने यादवले जानकारी गराए ।

सो केन्द्र निर्माणका लागिरु ६५ करोड ८१ लाख ६५ हजार ४५९ मा निर्माण सम्पन्न गर्न ठेक्का लिएको जेभीका अर्का इञ्जीनियर पवन मैनालीले बताए । उनले भने, 'विसं २०७६ को अन्त्यसम्ममा भवन निर्माणको काम समाप्त गरिसक्नुपर्ने थियो । हामीले विभिन्न समस्याका कारण समयमै गर्न सकेनौं ।'

उक्त केन्द्र निर्माण सम्पन्नपश्चात गोदावरीमै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सभा, सम्मेलन गर्न सकिने भएको छ । सो केन्द्रमा सभासम्मेलन गर्दा अब काठमाडौं उपत्यकावासीले होटलमा जस्तो महङ्गो खर्च गर्नुपर्ने छैन । तीन हजार क्षमताको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र तत्काल निर्माण सम्पन्न हुनु मुलुककै लागि एक खुशी र गौरवको विषय पनि बन्ने छ ।

\- रासस

# अर्थतन्त्रमा संकुचन आउने प्रक्षेपण

एजेन्सी । सन् २०२० मा चीनको अर्थतन्त्र २ प्रतिशत र एसिया प्रशान्त क्षेत्रको अर्थतन्त्रमा ३ दशमलब ५ प्रतिसतले संकुचन आउने प्रक्षेपण गरिएको छ । विश्व बैंकले सार्वजनिक गरेको पूर्वी एसिया र प्रशान्त क्षेत्रको अक्टोबर २०२० को आर्थिक अपडेटमा उक्त प्रक्षेपण गरिएको हो । समग्रमा यस क्षेत्रमा सन् २०२० मा शुन्य दशमलव ९ प्रतिशत मात्र बढ्ने अनुमान गरिएको छ । जुन सन् १९६७ पछिको न्यूनतम वृद्धि दर हो ।

विश्व बैंकले जुनमा गरेको प्रक्षेपणमा एक प्रतिशतको वृद्धिको अनुमान गरिएको थियो । यो वृद्धि सरकारी खर्च, बलियो निर्यात र मार्चदेखि चीनमा कोभिड-१९ संक्रमण नियन्त्रणमा रहनु लगायत विषयमा आधारित भएर गरिएको उस्ले जनाएको छ । चीनको आर्थिक वृद्धि दरमा कोरोना भाइरसको महामारीका कारण घरेलु खपतमा आएको कमी र कोरोना भाइरसको विश्वव्यापी प्रभावका कारण अघिल्लो वर्षको तुलनामा यो वर्ष अर्थतन्त्रमा अपेक्षाकृत सुधार भने हुन सकेको छैन ।

विश्व बैंकले आर्थिक वृद्धिबारे गरेको अर्धवार्षिक अपडेटमा सन् २०२१ मा यस क्षेत्रको सम्भावना उज्ज्वल रहेको बताएको छ । प्रक्षेपणमा पूर्वी एशिया र प्रशान्त क्षेत्रको आर्थिक वृद्धि दर शुन्य दशमलाव ५ प्रतिशत रहने पनि उल्लेख गरिएको छ । सन् २०२१ मा चीनको आर्थिक वृद्धि दर ७ दशमलब ९ प्रतिशत रहने छ भने चीनबाहेक समग्र यो क्षेत्रको आर्थिक वृद्धिदर ५ दशमलब १ प्रतिशत र बाँकी रहने बताइएको छ।

यसमा निरन्तर सुधार र गतिविधिलाई सामान्य बनाइने धारणा मुख्य अर्थतन्त्र तथा खोपको सम्भावित आगमनसँग जोडिएको छ । बहुपक्षीय ऋणदाताले भने अर्को दुई वर्षको लागि उत्पादन महामारी पूर्वको अनुमानभन्दा तल रहने प्रक्षेपण गरेका छन ।

## साढे १७ अर्बको परियोजना स्वीकृत

विश्व बैंकले मंगलबार नेपालको शहरी सेवा प्रवाह सुधार तथा पूर्वाधार विकास सम्बन्धी १ सय ५० मिलियन डलर (१७ अर्ब ६४ करोड रुपैयाँ) बराबरका परियोजना स्वीकृत गरेको छ । विश्व बैंकले संघीयता कार्यान्वयन प्रभावकारी बनाउने उद्देश्यसहित स्वीकृत यी परियोजना कोरोना भाइरसको संक्रमणबाट प्रभावित भएको अर्थतन्त्रलाई माथि उकास्न समेत महत्वपूर्ण सावित हुने विश्वास लिइएको छ ।

खासगरी नगरपालिकाहरूको क्षमता अभिवृद्धि र पूर्वाधार विकासमा यो सहायता प्रयोगमा आउने छ । विश्व बैंकका नेपाल, श्रीलंका तथा माल्दिभ्सका लागि निर्देशक फारिस हदद जार्भोसले तिब्र शहरीकरण, संघीयता र कोभिड १९ को सन्दर्भमा नेपाली शहरी इलाकाबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउन र महामारीको प्रभाव कम गर्न समेत यी परियोजना महत्वपूर्ण हुने उल्लेख गरेका छन् । त्यसका माध्यमबाट रोजगारी सिर्जनामा समेत परियोजनाको भूमिका रहने उनको विश्वास छ । बैंकका अनुसार यो सहायता पूर्वी तराई र पश्चिमका दुई प्रदेशमा केन्द्रित हुनेछ ।

*(एजेन्सीहरुबाट)*


कोभिड १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं

- सेवा प्रवाहमा विभेद नगरौं ।
- पहुँचवालाको काम तत्काल हुने र पहुँच नहुनेको कामको लागि निरन्तर धाउनुको विकल्प नहुनुको संस्कृति तत्काल हटाऔं ।
- गैह्रकानूनी लाभका लागि जस्तोसुकै कार्य गर्ने प्रवृत्तिले ल्याएको सामाजिक विचलनलाई परास्त गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## नेताहरू...

किनबेच हुँदैछन् भन्ने गुनासो आम जनमानसमा बहसको विषय बनेको छ। नयाँ नक्सासहितको पाठ्यक्रम र पाठ्यपुस्तक तयारीमा करोडौं खर्च भइसकेपछि सो पुस्तकहरू छापी विद्यार्थीमा लैजान सरकारका अधिकारीहरू भारतीय प्रम नरेन्द्र मोदीको धम्की र दबाबमा पछाडि हट्न लागेको आरोप छ। सरकारले पाठ्यपुस्तक छापी स्कुलहरूमा पठाउन रोक्ने संकेत गरेको प्रतिपक्ष दलमा नेताहरूको पनि आरोप छ। राष्ट्रघाती महाकाली सन्धिका पक्षधरहरू पाठ्यपुस्तक रोक्न सक्रिय रहेको बताइन्छ।

राष्ट्रघाती महाकाली सन्धि गर्दा भारतले १४ अर्ब रकम खर्चेको आरोप त्यसबेलाका नेकपा एमालेकै देशभक्त नेताहरूले आरोप लगाएका थिए। त्यसैकारण नेकपा एमाले फुटेर नेकपा माले पार्टी गठन भएको इतिहास साक्षी छ। त्यही नक्कल नेपालको नक्सा सम्बन्धमा पनि दोहोरिन सक्ने आशंका पर्यवेक्षकहरूले गरेका छन्। ठूलो खर्च गरी तयार गरिएको पाठ्यक्रमको छपाइ र पाठनपाठनमा अवरोधको कारण प्रम केपी शर्मा ओली भएको आरोप लगाउन थालिएको छ। नेकपाका अध्यक्ष पुष्पकमल दाहाल र पार्टीको धारणा भने हालसम्म सार्वजनिक भएको देखिँदैन। को को नेताहरू फेरि महाराष्ट्रघाती बन्दै छन् भन्ने आम जनतामा चासो र खोजी सुरु भएको छ।

## तातोपानी...

उच्च अधिकारीहरू आएको तातोपानी भन्सार प्रमुख लालबहादुर खत्रीले बताए। चीनतर्फबाट आएका सामान लिपिङ पुलमा 'अनलोड' गर्ने भएको छ भने नेपालतर्फका मजदूर तथा चालकले ती सामान 'लोड' गरेर ल्याउने सहमति भएको छ।

छलफलका क्रममा नेपालले चीनतर्फको कुती नजिकैको ताल फुट्न सक्ने भन्दै साइरन राख्न अनुरोध गरेको छ भने चिनियाँ पक्षले यसबारे माथि कुरा गरेर निर्णय गर्ने बताएको छ। तिब्बतको कुती नजिकैका ताल फुट्ने अवस्थामा रहेको र बाढीपहिरोले सडक अबरुद्ध भएको भन्दै एक महिनाभन्दा बढी समयदेखि तातोपानीबाट व्यापार सञ्चालन भएको छैन।

## देश कोरोना...

निषेधाज्ञालाई मात्र भाइरस नियन्त्रणको अचुक अस्त्रका रुपमा लिँदा देशको अर्थव्यवस्था नै तहसनहस मात्र भएन नेपाली जनजीवन कहालिलाग्दो अवस्थामा गुज्रिन पुगेको छ।

सर्वसाधारण मानिसहरू अझै भोकभोकै तड्पिरहेका छन्। कुन दाताले खान दिन्छ भनेर खुलामञ्च विचरण गरिरहेका छन्। गरिब जनतालाई राहत दिनु त परै जाओस् भोको पेट लिएर बसेका जनताका सामुन्ने हेलिकप्टरबाट पुष्पवृष्टि गर्दै कम्युनिस्ट राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्री संविधान दिवसको उल्लास मनाउँछन्। भोका जनतालाई खिज्याउँछन्। ३० करोडका तक्मा बनाएर आफ्ना हनुमानहरूलाई बाँड्छन्। त्यो रकमले क्वारेन्टाइन बनाएको भए संक्रमित नागरिक होम आइसोलेसनमा बस्नु पर्थ्यो र ?

दुईतिहाई बहुमत नजिकको बलशाली कथित कम्युनिस्ट सरकार जनताप्रति रत्तिभर पनि उत्तरदायी छैन। सरकार भ्रष्ट र माफियाहरूले चलाइरहेका छन्। कोरोना काल उनीहरूका लागि 'कमाउ' को अच्छा अवसर भएको छ। सरकार जनतालाई ३ रुपैयाँ मूल्यको एउटा मास्क समेत निःशुल्क दिन सक्दैन। मास्क र सेनिटाइजरको बजार फस्टाएको छ।

कोरोनाले काम, व्यवसाय खोसिएका नागरिकहरूको चुलो निभिरहेको छ। तर दल र तिनका नेताहरू सत्ताको खेलमा रमाइरहेका छन्। लकडाउनको ६ महिना प्रधानमन्त्री ओलीलाई आफ्नो कुर्सी जोगाउनमै खर्च भयो। दल विभाजनसम्बन्धी अध्यादेश ल्याएर भए पनि कुर्सी बचाउन खोजे उनले। अर्का अध्यक्ष प्रचण्डले पनि ओलीलाई गलहत्याएर कुर्सी छिन्ने खेलमै सम्पूर्ण समय बिताए। जनतालाई लकडाउन लगाएर घरभित्र कैद गर्ने अनि आफूहरू चाहिँ सत्ताको रस्साकस्सीमा लाग्ने ? खै ध्यान कोरोना नियन्त्रणमा ? सेनालाई गुणस्तरहीन औषधि आयात गर्न दिने, ओम्नीलाई भ्रष्टाचार गर्न छुट दिने सरकार कमिसन मात्र खाने, जनता कोरोनाको मृत्यु भयले अत्तालिनुपर्ने, संसार विचित्र भनेको सायद यही हो।

अहिले पनि ओली दाहालबीच शक्ति संघर्षको लडाइँ जारी छ। कार्यकारी अध्यक्षको अधिकार पाएका प्रचण्ड मन्त्रिपरिषद् पुनर्गठनमा प्रधानमन्त्रीको अधिकारमाथि हस्तक्षेप गरिरहेका छन्। उनी आफू निकटका मान्छेलाई मन्त्री बनाएर शक्ति बढाउने खेलमा लागेका छन्। वामदेव गौतम र नारायणकाजी श्रेष्ठलाई क्रमशः अर्थ र परराष्ट्र मन्त्री बनाउन लबिङ गरिरहेका छन्। यी दुवै नेताहरू गत संसदीय निर्वाचनमा जनताद्वारा पराजित अनुहार हुन्। जनताले बहिष्कार गरेका व्यक्तिलाई राष्ट्रिय सभा सदस्य बनाउनु नै जनताको अपमान गर्नु हो। राष्ट्रलाई गौरवान्वित गराउने प्रकारका काम गर्ने विशिष्ट व्यक्तित्वहरू, विशेषज्ञ दखल भएकाहरू, समाज, जनता र राष्ट्रका सेवामा समर्पित राष्ट्रसेवकहरू जसले महत्वपूर्ण योगदान पुऱ्याएका छन्, तिनलाई सम्मानस्वरुप राष्ट्रिय सभामा ल्याउनुपर्ने हो। गौतम र श्रेष्ठलाई जस्केलाबाट माननीय बनाउनु राजनीतिको फोहोरी खेल सिवाय केही होइन। जनताले नपत्याएकालाई राष्ट्रिय सभा सदस्य हुँदै फेरि मन्त्री बनाउनु जनमतको मजाक उडाउनु नै हो।

संविधानले निर्वाचनमा पराजित व्यक्तिलाई मन्त्री बन्न पावन्दी लगाएको छ। तर प्रचण्ड संविधानलाई नै बेवास्ता गर्दै गौतम र श्रेष्ठको वकालत गरिरहेका छन्। मन्त्रिपरिषद् पुनर्गठनको मापदण्डमा ओली र दाहालबीच कुरा मिलेको छैन। प्रचण्ड २ वर्षे कार्यकाल पूरा गरेका सबै मन्त्रीहरूलाई बिदा गरेर आफ्ना मान्छेहरू मन्त्री बनाउन जोरजुलुम गर्दैछन्। ओली रामबहादुर थापा, लेखराज भट्ट, भानुभक्त ढकाल लगायतलाई निरन्तरता दिने पक्षमा छन्। ओली अर्थ मन्त्रालय आफैंले राखेर युवराज खतिवडाको खटनपटनमा चलाउन खोजिरहेका छन्। यदि मन्त्रिपरिषद् पुनर्गठनमा प्रचण्डसँग कुरा नमिले रिक्त ३ मन्त्रालय सूचना प्रविधि, अर्थ र सहरी विकासमा मन्त्री नियुक्त गरेर अघि बढ्ने मुडमा छन्।

नेतालाई जागिर खुवाउन मन्त्रालयहरू समेत टुक्र्याइँदैछ। संविधानले २५ जनाभन्दा बढीको मन्त्रिपरिषद्को कल्पना गरेको छैन। मन्त्रालय घटाएर आर्थिक व्ययभार कम गर्नुपर्नेमा मन्त्रालय फुटाएर मन्त्री थप गर्ने खेल भइरहेको छ। देशमा प्रदेश सरकार भएकाले केन्द्रमा धेरै मन्त्रालय आवश्यक नै छैन। कतिपय मन्त्रालयको वास्तवमा काम नै छैन। जनताले तिरेको करको दुरुपयोग गर्दै नेताहरूलाई मन्त्रीको जागिर खुवाउन ६ मन्त्रालय फुटाउने साजिसले देश कसरी समृद्ध बन्छ ?

विगतमा कुर्सी जोगाउन शेरबहादुर देउवा र बाबुराम भट्टराईले जम्बो मन्त्रिपरिषद् बनाएर रेकर्ड नै ब्रेक गरेका थिए। अहिले फेरि त्यसैको पुनरावृत्ति देखिन थालेको छ। ७ वटा प्रदेशमध्ये ६ प्रदेशमा नेकपाकै सरकार छ। स्थानीय तहमा पनि उसकै बहुमत छ। स्थिर राजनीति र विकासका लागि जनताले नेकपालाई सुविधाजनक बहुमत दिएका हुन्। तर त्यसको दुरुपयोग गर्दै नारा 'सुखी नेपाली समृद्ध नेपाल' को दिने व्यवहारमा भने जनता दुब्लाउने नेता मोटाउने देखिएको छ। कोरोना कालमा आर्थिक मितव्ययिता अपनाएर मन्त्रालय घटाउनुपर्ने हो। जनता खान नपाएर भोकभोकै सडक र गल्लीमा भौंतारिइरहेका छन् नेताहरू भने मन्त्री पड्काएर मस्ती लुट्ने अभियानमा देखिएका छन्। यसले राजनीतिको फोहोरी चित्रलाई प्रस्ट देखाइरहेको छ।

मुख्य प्रतिपक्ष दल कांग्रेस पनि सभापतिको कुर्सीका वरिपरि घुमिरहेको छ। सरकारका कामको विरोध गर्दै विज्ञप्ति जारी गर्ने अनि सुटुक्क बालुवाटार छिरेर संवैधानिक आयोग र राजदूतहरूमा भाग खोजिरहेको छ। भावी सभापतिका लागि कांग्रेसमा उठिरहेको किचलोसँग जनताको कुनै सरोकार छैन। शेरबहादुर देउव सभापतिमा दोहोरिन चाहिरहेका छन् भने वरिष्ठ नेता रामचन्द्र पौडेल एकपटक सभापति हुने दौंडमा छन्। तर निर्धारित मिति फागुनमा महाधिवेशन हुन्छ हुँदैन भन्ने टुंगो लागेको छैन। कांग्रेसमा देउवा, पौडेल, सिटौला, निधि, कोइराला गुट नेतृत्व हत्याउने आआफ्नै चालबाजीमा छन्। कांग्रेस न त सरकारको खबरदारी गर्छ न त उसलाई जनताकै चिन्ता छ।

## फेरि लकडाउन...

मन्त्रालयले संक्रमण दर बढ्दै गएपछि ६० वर्ष नाघेका वृद्धवृद्धा, मधुमेह, उच्च रक्तचाप, क्यान्सर, डायलोसिस गरिरहेका बिरामी र अन्य दीर्घ बिरामीलाई घरबाट बाहिर ननिस्कन अपिल गरेको छ। घरबाट निस्कनै परे अनिवार्य मास्क लगाउन, दुई मिटरको भौतिक दूरी कायम गर्न बेलाबेलामा साबुनपानीले हात धुन वा सेनिटाइजर प्रयोग गर्न मन्त्रालयले सुझाएको छ।

तेस्रो धार

# कृषिप्रधान देशको उल्टो चाला



पूर्ण ओली (पूर्वमहासेनानी)

कृषिमा आधारित अर्थतन्त्र अहिले रेमिट्यान्सले धानिरहेको छ। उद्योगहरू प्रायः सबैजसो बन्द भएर आयातमुखी व्यापारमा सबैजसो व्यापारी र उद्योगपति लागेका छन्। किनकि बारम्बार हुने नीतिगत परिवर्तनबाट उद्योगहरू मालगानी गर्न उद्योगपतिहरू जोखिम मोल्न चाहँदैनन्। कृषिमा आधारित उद्योगहरूलाई सरकारले प्राथमिकता दिने भने पनि सरकारले यसलाई गम्भीरतापूर्वक कार्यान्वयन गरेको छैन। जसको फलस्वरुप कृषकहरू स्वयं मारमा परिरहेका छन्। कोरोनाको प्रभावबाट विदेसिएका युवाहरू स्वदेशमा फर्केको अवसरमा उनीहरूलाई सरकारले रोजगारीको व्यवस्था गर्न सकेन। जसको फलस्वरुप युवाहरू आफ्नो ज्यान जोखिममा राखेर फेरि पनि घरपरिवार त्यागेर विदेश होमिन बाध्य भएका छन्।

अहिले केही पौरखी युवाहरूले अधिराज्यभरका विभिन्न स्थानहरूमा पशुपक्षी पालन गरेर राम्रो जीविका गरिरहेका छन्। धेरैजसो विदेशमा गएर दुःख पाएर फर्केका या सीप सिकेर फर्केका युवाहरूले लोभलाग्दा किसिमबाट कृषि र पशुपालनमा राम्रो लगानी गरिरहेको पाइन्छ। केही दिनपहिला न्युज २४ टिभिका पत्रकारले अधिराज्यभरका विभिन्न जिल्लामा पुगेर यस्ता कृषि तथा पशुपालनमा लागेका व्यक्तिहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लिएका थिए। जसबाट उनीहरूले गरेको प्रगतिबाट उत्साहित बन्न प्रेरणा मिल्थ्यो भने अर्कोतर्फ सरकारले आवश्यक सहयोग नगरी ध्यान नदिएकोमा गुनासाहरू देखिन्थे। प्रायः सबै उद्यमीहरूले सरकारबाट कुनै सहयोग नपाएको र यदि सरकारले राम्रो सहयोग गर्ने हो भने धेरै गर्न सकिन्छ भनी जानकारी गराइएको देखियो। पशुपक्षी पालनमा चाहिने आहारा प्रायः विदेशबाट आयत हुने गरेकोमा हिजोआज नेपालमा पनि उद्योगहरू संचालन भएका छन्। त्यसका लागि आवश्यक पर्ने कच्चापदार्थ प्रायःजसो सबै भारतबाट आयत हुने गरेको देखियो।

कच्चापदार्थमा प्रयोग हुने मकै मात्र अरबौंको आयत गर्नुपर्ने रहेछ। नेपालको पहाडदेखि तराईसम्म जतासुकै हुने मकै पहिला हामीलाई पुगेर विदेश निकासा हुन्थ्यो। अहिले मानिसलाई खानदेखि पशुपक्षीलाई आहारा समेत विदेशबाट आयत गर्नुपर्ने अवस्था कस्तो बिडम्बना हो ?

पंचायती व्यवस्था भइन्जेलसम्म नेपालमा धान चामल निर्यात कम्पनी थियो। धानसँगै खेतको आलिमा प्रसस्तै लगाउन मिल्ने भटमास मानिस तथा पशुपक्षीको पौष्टिक आहारा अहिले सबैजसो विदेशबाट आयात गर्नुपर्छ। हामीले उत्पादन गरेर बेच्न सक्ने तरकारी विदेशबाट आयत हुँदा हाम्रा तरकारी बारीमै कुहिने अवस्था छ। जुम्ला र जोमसोडका स्याउ बजारसम्म पुग्न नपाएर बोटमा नै कुहिरहेका छन्। हामीले भारतीय र चिनियाँ महँगा स्याउ किनेर खानुपर्ने बाध्यता छ। गाई पालन बढ्दै गएकोले गर्दा दूध तथा डेरी प्रोडक्ट नेपालमा पर्याप्त हुन्छ तर विदेशबाट अरबौं रुपियाँको पाउडर दूधले हाम्रा किसानले दूध सडकमा पोख्नुपर्ने बाध्यता छ। कुखुराका मासु र अण्डामा आत्मनिर्भर छ। त्यस्तै गरेर खसी बाखापालन बढ्दै गएर यसमा पनि आत्मनिर्भर हुँदैछ।

सरकार कृषिमा आत्मनिर्भर हुने कार्यक्रमतर्फ लाग्नुभन्दा दलाल व्यापारीका हितमा देशको महत्वपूर्ण जमिन तथा संस्थाहरू लिजमा जिम्मा लगाउने हतारमा छ। अहिले नेकपाको सरकारले सगरमाथा निकुन्जको जग्गादेखि, दरबारमार्गको ट्रस्टको जग्गा, गोकर्ण रिसोर्टको महत्वपूर्ण जग्गा तथा पाथिभरा क्षेत्रका धेरै जग्गा लिजको नाममा एउटा व्यापारी यति कम्पनीलाई दिइनु अत्यन्त रहस्यमय हुँदै गएको छ।

त्यस्तै गरेर नेपालको एउटै सरकारी बिमान सेवा नेपाल एयरलायन्सले गर्दै आएको एयरपोर्टको ग्राउण्ड ह्याण्डलिङको काम पनि यति होल्डिङलाई नै दिनु नेपालको सरकारी एयरलायन्सलाई धरासायी पार्नु हो। शायद यसलाई टाट पल्टाएर लिलाम गर्दै सस्तोमा आफ्ना हितैसीहरूलाई जिम्मा लगाउने दाउ हुनसक्छ। यसतर्फ सबै निकाय र बुद्धिजीवी होसियार हुनुपर्छ। जसरी २०४६ सालपछि आएको नेपाली कांग्रेसको सरकारले अत्यन्त उपयोगी महत्वपूर्ण उद्योग कौडीको मूल्यमा दलालहरूलाई बेचेको थियो।

सरकारले गर्नुपर्ने कुरा के हो भने देश र कृषकको हितमा पहाडदेखि तराईसम्म व्यापक रुपमा सिँचाई कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ। त्यसपछि कृषकलाई आवश्यक पर्ने बिउ मलको व्यवस्था गरिनुपर्छ। कृषिमा आत्मनिर्भरको लागि विदेशबाट आयात हुने धान, मकै, माछा, मासु तथा तरकारी साथै दूधका उत्पादनको आयात बन्द गरिनुपर्छ। पशुपक्षी पालनबाट आउने मलले तरकारी तथा खेतीलाई अत्यन्त लाभदायक अर्ग्यानिक मल प्राप्त हुनेछ।

यसरी कृषि, पशुपक्षी तथा माछापालनलाई अत्यन्त आवश्यक पर्ने पहिलो अत्यावश्य बस्तु पानी हो। हामीसँग भएका नदीनाला तथा पानीका स्रोतको भरपुर उपयोग गर्न सक्नुपर्छ। यदि पानी मात्र पर्याप्त भए पनि धेरैले स्वरोजगार गर्न सक्छन्। यसबाट विदेश रोजगारीमा जानेहरू स्वदेशमै रोजगारमा लाग्न सक्नेछन्। यी सबै कृषिसम्बन्धी कार्यहरू सबै तहका सरकारले गर्न चाहेमा कुनै ठूलो कुरा होइन तर सरकारको इच्छाशक्ति र इमान्दारिता हुनुपर्छ। सरकार, नेता कार्यकर्ता तथा कर्मचारीको नीति र नियतमात्र ठिक हुने हो भने देशले फड्को मार्न कुनै समय लाग्दैन। विद्युतमा चल्ने यातायातका साधन, ठूला उद्योग, मल कारखाना, खानीहरू बिस्तारै अघि बढाउन सकिन्छ।

सक्रिय संक्रमित संख्या २५ हजार बढी भए लकडाउनको सिफारिस गर्नुको विकल्प नरहेको मन्त्रालयको भनाइ छ। यो संख्या अब तीन चार दिनमै पुग्ने देखिन्छ। राज्यको सीमित स्रोत साधनले बढ्दो संक्रमणलाई धान्न नसक्ने मन्त्रालयले बताएको छ। पिसिआर परीक्षणको दायरालाई बढाउँदै कन्ट्याक्ट ट्रेसिङ गरेर संक्रमितलाई क्वारेन्टाइनमा राख्न सरकार असफल बनेको छ।

सरकारले रोग नियन्त्रणमुखी एकीकृत कार्यक्रम ल्याउन सकेको छैन। जसले गर्दा जनस्तरमा ठूलो अत्यास छाएको छ। बिरामी पर्दा जनताको मनोबल उच्च बनाउने सरकारको नीति निर्देशन र नियमावली कार्यान्वयनमा आएको छैन। कोरोना नियन्त्रणका लागि सरकारले समयमै एक्सन लिन नसक्दा अहिले संक्रमणले उचाइ लिइरहेको छ।

अहिलेदेखि नै बजारमा फेरि लकडाउन, निषेधाज्ञाको हल्ला चल्न थालेको छ। सामाजिक सञ्जालका भित्ताहरूमा लकडाउन गरिने समाचारहरू देखिन थालेका छन्। लकडाउन वा निषेधाज्ञा गरेर विश्वका कुनै पनि मुलुकले कोरोनालाई हराएका छैनन्। बरु स्वास्थ्य सकर्तता अपनाउन जनस्तरलाई अभिप्रेरित गर्ने कार्यक्रमहरू सरकारले ल्याउनेपर्ने हो। मास्क, सेनिटाइजर निःशुल्क रुपमा वितरण गर्नुपर्ने हो जसले कोरोना वृद्धिदरलाई न्यून गर्न सक्छ। तर चाडवाडको पूर्वसन्ध्यामा लकडाउन वा निषेधाज्ञा जारी गरे जनता त्यसलाई अवज्ञा गर्ने मनस्थितिमा छन्। अब लकडाउन वा निषेधाज्ञा जनताले धान्न सक्दैनन्।

## अयोध्यापुरीमा...

अयोध्याधाम निर्माणका लागि गुरुयोजना निर्माण भएको भन्दै नगरप्रमुख ढकालले डिपिआर निर्माण छिट्टै अघि बढ्ने बताए। अयोध्याधाम निर्माण हुने भएपछि सबै माडीवासी उत्साहित भएको उनले बताए। माडी-७ का केही स्थानीयवासीले धाम निर्माणका लागि करिब १५ बिघा जमिन निःशुल्क दिने घोषणा गरिसकेको समेत उनले जनाए।

## एम्नेस्टीसँग...

आवाज उठाउँदै आएको अभियान विरुद्धको यो आक्रमण फरक विचारलाई दबाउने कोसिस हो।' एम्नेस्टी इन्टरनेसनलकी कार्यवाहक महासचिव जुली वरहारले खाता रोक्का गरेको घटनालाई भारत सरकारको अत्यन्त दुःखद र लज्जास्पद कार्य भनेकी छन्। यसका बाबजुद पनि मानव अधिकारका लागि भारतमा हुँदै गएको संघर्षप्रतिको संलग्नता र प्रतिबद्धताको अन्त्य नभएको समेत उनले जनाएकी छन्। बेलायतको लण्डनस्थित एम्नेस्टी इन्टरनेसनलको मुख्यालयले पनि भारतजस्तो देशमा यस्ता घटना हुनु निकै चिन्ताजनक रहेको जनाएको छ। मोदी सरकारले भने एम्नेस्टी इन्टरनेसनलले भारतको कानुनको ठाडो उल्लंघन गरेर आफ्ना गतिविधि सञ्चालन गरेको जनाएको छ।

## विषाक्तमिश्रित...

स्यानिटाइजरमध्ये १५ कम्पनीका उत्पादनमा ज्यानै जानसक्ने विषाक्त मिथानोल मिसाइएको देखिएको छ।

विभागद्वारा जारी सूचनामा 'बजारमा बिक्री वितरणमा रहेका ह्यान्ड स्यानिटाइजरको नमुना संकलन गरी राष्ट्रिय औषधि प्रयोगशालामा परीक्षण गर्दा तोकेको मापदण्ड इन्स्टेन्ट ह्यान्ड स्यानिटाइजर (अल्कोहल बेस्ड) सम्बन्धी स्तर २०७६ विपरीत विषाक्त रसायन समावेश भएको देखिएको उल्लेख छ।

विभागले भारतमा रहेको सिभिका कस्मेक्युटिकल्स लिमिटेड, पर्सास्थित आर केमिकल एण्ड प्याकेजिङ इण्डस्ट्रिज, काभ्रे बनेपास्थित कुमकुम हर्बल इण्डस्ट्रिज, ललितपुरस्थित ओम आरोग्य हेल्थकेयर प्रालि, काठमाडौंस्थित साधना सप्लायर्स, काठमाडौंस्थित कालिका सोप एण्ड केमिकल इण्डस्ट्रिजले उत्पादन गरेको स्यानिटाइजरमा कैफियत देखिएको जनाएको छ।

त्यस्तै, चीन गुआङघऔ ओवोपेकल फाइन केमिकल लिमिटेड, ललितपुरस्थित सम्पदा हेल्थ केयर, काठमाडौंस्थित श्रीनाथ हरबल एण्ड कस्मेटिक इन्डिष्ट्रिले उत्पादन गरेको ह्यान्ड स्यानिटाइजरमा समेत कैफियत देखिएको छ। उपभोक्तालाई विषादियुक्त स्यानिटाइजरको असरबारे उजुरी गरे कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ अनुसार कारबाही गर्न सकिने व्यवस्था छ।

## बढ्यो...

गराएको गत आर्थिक वर्षको विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासको कारण विद्युतीय भुक्तानी कारोबारमा उल्लेख्य वृद्धि भएको केन्द्रीय बैंकले जारी गरेको प्रतिवेदनमा उल्लेख छ।

राष्ट्र बैंकले उपलब्ध गराएको २०७७ असार र साउन दुई महिनाको तथ्यांकले विद्युति माध्यमबाट हुने सबै प्लेटफर्ममा लगानीकर्ताको अकर्षण बढेको देखिएको छ। आर्थिक वर्षको अन्तिममा कारोबार बढी हुने भएकोले असार महिनाको तुलनामा साउनमा केही कारोबार घटेपनि असार र साउनको तथ्यांकमा विद्युतीय माध्यमबाट हुने कारोबार उल्लेख्य रुपमा बढेको हो। विश्वका कतिपय मुलुक 'क्यासलेस' कारोबारमा गइसक्दा पनि नेपालमा भने विद्युतीय कारोबारले प्राथामिकता पाउन थलोको छ। बैंक तथा वित्तीय संस्थाको साथै भुक्तानी प्रदायक र भुक्तानी प्रणाली सञ्चालकले प्रविधिमा लगानी बढाएर विद्युतीय माध्यमबाट कारोबार गर्ने विभिन्न प्लेटफर्म सञ्चालन गरेको कारण डिजिटल कारोबारमा आकर्षण बढन थालेको आकलन गरिएको छ।

## डा. केसीको...

लगाएर डा.केसी पटक पटक अनसन बसिरहेका छन्। प्रत्येक चोटि सहमति हुन्छ तर त्यसको पालना हुन्न। अघिल्लो सहमति कार्यान्वयन गराउन फेरि बाध्य भएर अनसन बस्नुपर्छ। हरेक पटक उनलाई केटाकेटीका भाँडाकुटी खेलमा झैं फकाइफुल्याइ जुस खुवाइन्छ। तर माग सम्बोधन हुँदैन।

राज्यसँग गरिएका सहमति धोका सावित भइरहेका छन्। उनको अनसनको १७ औं दिन बितिसक्यो तैपनि राज्य अलिकति पनि गम्भीर भएको छैन। उनलाई बढ्दो उमेरले पनि धेरै दिन अनसन बस्न दिँदैन। कोरोना महामारीको बेला उनलाई संक्रमणको पनि उत्तिकै जोखिम छ। उनको स्वास्थ्य स्थिति बिग्रँदै गएको समाचार बाहिर आएका छन्। स्वास्थ्यकर्मी र व्यापक जनदबाबका बाबजुद पनि सरकार केसीसँग संवाद गर्न मानिरहेको छैन।

पहिला पनि स्वास्थ्य स्थिति बिग्रिसकेपछि मात्र संवाद गरिन्थ्यो। केही छलफल गर्ने अनि माग पूरा गरेजस्तो पार्नका लागि सम्झौता गरी टोपलिन्थ्यो। माग सम्बोधनका लागि आयोग गठन गर्ने र ती आयोगका प्रतिवेदन सरकारी दराजमा थन्क्याउने रवैया पुरानै हो। देशको ऊर्जा क्षेत्रलाई एउटा व्यक्ति कुलमान घिसिङले कायापलट गरिदिए। स्वास्थ्य क्षेत्रमा पनि त्यसरी काम गर्ने व्यक्ति भए देशको स्वास्थ्य क्षेत्रको हालत यस्तो तहसनहस अवश्य हुँदैनथ्यो। स्वास्थ्य क्षेत्रका समस्या निकै गम्भीर भएकाले डा. केसी एक्लैले सुधार गर्न नसक्लान्। तर सुधार्नुपर्छ भनेर उनी लागेका छन्। यसमा जनताको, स्वास्थ्यकर्मीको अपार सहयोग छ तर सरकार मात्र असहयोगी बनेको छ। राज्य संयन्त्रले उनलाई अपमान गर्नु हुन्न र उनका माग जनतासँग प्रत्यक्ष जोडिएकाले तिनको सम्बोधन हुनैपर्छ। यदि उनका मागहरू पूरा गर्न नसकिने भए यो यो कारणले सकिँदैन भनेर जनतालाई प्रस्ट पार्नुपर्छ।

चिकित्सा शिक्षा सहज होस्, स्वास्थ्य सुविधा सबैको पहुँचमा होस्, सुगममा मात्र होइन दुर्गममा पनि चिकित्सा शिक्षा र सेवा पुगोस्, कमिसनको खेल बन्द होस्, माफियाको हालीमुहाली नरहोस्, गलत व्यक्ति जिम्मेवार ओहोदामा नियुक्त नहुन्, डा. केसीका माग यिनै मात्र हुन्। डा.केसीले मेडिकल माफियाको स्वार्थ जोडिएका कारण सरकारले कर्णाली र दुर्गम क्षेत्रमा मेडिकल कलेज खोल्न नचाहेको आरोप लगाइरहेका छन्। सरकारी कलेजहरू सफल भए काठमाडौंमा निजी कलेज खोलेर चिकित्सा शिक्षाको व्यापार गर्नेको कमाइ नहुने भएकाले सरकार तिनैको स्वार्थमा दुर्गमको उपेक्षा गरिरहेको केसीको भनाइ छ। उनले देशका पूर्वदेखि पश्चिमका विभिन्न दुर्गम स्थानमा सरकारी मेडिकल कलेज खोलेर शिक्षा दिनुपर्ने माग राखेका छन्। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायत दुर्गममा एमबीबीएस सहितका कार्यक्रम चलाइनुपर्ने मागले दुर्गमको हित बोलेको छ। केसीको १५ औं अनसनमा २०७५ साउन १० गते सरकार र केसीबीच भएको ९ बुँदे सम्झौता महत्वपूर्ण छ। त्यसपछि सहमतिको भावना विपरीत चिकित्सा शिक्षा विधेयक जबर्जस्ती ल्याइयो र त्यसलाई बलपूर्वक ऐनमा परिणत गरियो। त्यसले सरकारको नियतमाथि थप आशंका उत्पन्न गराएको थियो।

डा.केसीको सरोकार देशभित्रको चिकित्सा शिक्षा व्यवस्थित, मर्यादित, विश्वसनीय, गुणस्तरीय, सहज र आम विद्यार्थीको पहुँचमा होस् भन्नेमा देखिन्छ। उनले आवाज उठाएपछि नै सरकारले विज्ञ सम्मिलित आयोग गठन गरेर यस क्षेत्रमा व्याप्त बेथितिको अन्त्य तथा सम्भावित परिस्थितिको विश्लेषण गर्दै चिकित्सा क्षेत्रलाई व्यवस्थित गर्न माग पनि गरेको हो। तर उक्त आयोगले पेस गरेको प्रतिवेदन कार्यान्वयन भएन। विज्ञद्वारा प्रस्तुत सुझावलाई बेवास्ता गर्दै स्वार्थ समूहको प्रभावमा परी चिकित्सा शिक्षाको व्यापारीकरण गर्ने प्रयत्नमै सत्तापक्ष लाग्यो। सोही प्रवृत्तिविरुद्ध डा. केसीले पटक पटक अनसनमा बस्नु परेको हो। सरकारले जनताको पक्षमा हुने सत्याग्रह र सत्याग्रहीसँग गरिएका सहमतिलाई कुल्चेर त्यस विपरीत निश्चित समूहको स्वार्थ र हितका पक्षमा अघि बढ्न खोज्छ भने त्यसबाट उत्पन्न हुन सक्ने अप्रिय परिस्थितिको जिम्मेवार सरकार नै हुनेछ। संघीयता देशको समानुपातिक विकासका लागि अवलम्बन गरिएको हो। नागरिकले समान अवसर पाउन्, समान सुविधा पाउन् र जहाँ रहे पनि नेपालीबीच विभेदको खाडल नरहोस् भन्ने यसको अभिप्राय हो। केसीको १९ औं अनशनका पक्षमा देशका विभिन्न भागमा आन्दोलन भइरहेका छन्। आन्दोलनमा सरकारी दमनले कुन मोड लिन्छ अहिलै भन्न सकिँदैन। सरकारी उपेक्षा र दमन प्रयास हेर्दा यसको अन्त्य सुखद हुने देखिँदैन। सबैजसो सरकारका पालामा उनले सत्याग्रह गरे। सहमति सम्झौता भए तर कार्यान्वयन भएन र उनको सत्याग्रह पनि रोकिएको छैन।